# स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन

# आ.व. २०८३।०८४

## कार्यान्वयन निकायः जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र/प्रादेशिक आयुर्वेद अस्पताल

**मा. मन्त्रीज्यूबाट स्वीकृत मितिः२०८३/०४/२५**

कोशी प्रदेश सरकार

## स्वास्थ्य मन्त्रालय

विराटनगर, मोरङ

**क्रियाकलाप सञ्चालनका क्रममा ध्यान दिनुपर्ने मुख्य बुँदाहरुः**

**अनिवार्य दायित्वतर्फः**

१) स्थायी कर्मचारीको हकमा १०% वृद्धि भएको तलब पारिश्रमिक खर्च शीर्षक २११११ मा विनियोजित रकमबाट भुक्तानी गर्नुहुन र नयाँ आधार तलबको १०% प्रोत्साहन खर्चवापतको रकम स्वीकृत दरबन्दीभित्र कार्यरत स्थायी कर्मचारीहरुलाई मात्र खर्च शीर्षक २११३५, "स्थायी कर्मचारीको प्रोत्साहन भत्ता(१.२.५.५)" क्रियाकलापमा विनियोजित रकमबाट भुक्तानी गर्नुहुन।

२) प्रदेश निजामती कर्मचारीको पोशाक सम्बन्धी कार्यविधि, २०८३ बमोजिम कोशी प्रदेश सरकारबाट स्थानीय पोशाक प्रवर्द्धनका गर्नका लागि बुधबार र शुक्रबार स्थानियता झल्किने पोशाक लगाउने प्रयोजनार्थ प्रदान गर्न व्यवस्था गरिएको रु.५५००/- समेत साविकको पोशाक खर्च रकममा जोडी हिमाली जिल्लामा जम्मा रु. २०५००/- र अन्य जिल्लामा जम्मा रु.१५५००/- रकम चैत्र महिनामा प्रदेश दरबन्दी भित्रका स्थायी र दरबन्दी करार सेवाका कर्मचारीहरुलाई भुक्तानी गर्ने व्यवस्था मिलाउनुहुन र अन्य करारमा कार्यरत कर्मचारीहरुका लागि करार सम्झौतामा लेखिएबमोजिम भुक्तानी गर्नुहुन।

३) "मन्त्रालय र अन्तर्गतका कर्मचारीका लागि केन्द्रीकृत विद्युतीय हाजिरीका आधारमा प्रदान गरिने खाजा खर्च" क्रियाकलापमा प्रदेश दरबन्दी भित्रका स्थायी र दरबन्दी भित्रका करार कर्मचारीका लागि मात्र विनियोजन गरिएको हुँदा सोही अनुसार भुक्तानी व्यवस्थापन गर्नुहुन।

४) कार्यालयमा विनियोजित खाजा खर्चको रकम भुक्तानी गर्दा ई-हाजिरीको आधारमा मात्र गर्न सकिनेछ। विहान बेलुकी दुवै समयको हाजिरी भएको दिनको मात्र खाजा खर्च भुक्तानी गर्नुहुन।

५) प्लास्टिकबाट हुने वातावरण र पर्यावरणीय असर न्यूनीकरण गर्न, पानीजन्य सरुवा रोगको जोखिम कम गर्ने कार्यमा टेवा पुर्याउन एवं बजारी मिनरल वाटर तथा जारको पानीमाथिको निर्भरता कम गर्नका लागि सम्पूर्ण कार्यालयहरुले RO water purifier अनिवार्य जडान गरी कार्यालयमा स्टिलको बोतलबाट पिउने गरी शुद्ध पिउने पानीको व्यवस्थापन गर्नुहुन।

६) व्यक्तिगत प्रयोजनका लागि वा सार्वजनिक विदाको दिनमा वा कार्यालयको कामबाहेकको प्रयोजनमा सरकारी सवारी साधन र इन्धन प्रयोग नगर्नुहुन।

७) कार्यक्रमतर्फ विनियोजित रकमबाट इन्धनवापतको रकम भुक्तानी नगर्नुहुन।

८) स्थायी र दरबन्दीभित्रका करार कर्मचारीको तलब, अनिवार्य दायित्व र प्रदेशमा प्रचलित नियम कानूनको परिधि भित्रका भत्ता/खर्च, पानी, बिजुली र सञ्चार महशुलका हकमा अपुग भएको प्रमाणित भएको खण्डमा मात्र बजेट व्यवस्थापन हुने भएको हुँदा उल्लिखित क्रियाकलापमा मात्र रकमान्तर

स्वीकृत मितिः २०८३।०४।२५

प्रस्ताव गर्नुहुन। असोज महिना अगाडि रकमान्तरको व्यवस्था नभएकाले पहिलो त्रैमासिकमा रकमान्तर प्रस्ताव नगर्नुहुन।

९) अन्य कार्यालय सञ्चालन सम्बन्धी चालु खर्च शीर्षकहरुमा विनियोजित बजेटभित्रबाटै व्यवस्थापन हुने गरी क्रियाकलाप कार्यान्वयन योजना बनाउनुहुन।

१०) स्रोत सुनिश्चित नभईकन दरबन्दीबाहेकको करारमा कर्मचारी नियुक्ति गरी कामकाजमा खटाउँदा भविष्यमा कर्मचारी पारिश्रमिकका लागि बजेट व्यवस्थापनको सुनिश्चितता नहुने हुँदा त्यस्तो अनियमित गतिविधि नगर्नुहुन।

११) कार्यालयको काममा भ्रमणमा जाँदा अनिवार्य रुपमा भ्रमणको उद्देश्य स्पष्ट उल्लेख भएको भ्रमण लगबुकमा अद्यावधिक गर्नुहुन।

१२) गाडी तथा दुईपाङ्ग्रे सवारी साधनको बीमा तथा नवीकरण (Full) समयमा भुक्तानी गर्नुपर्नेछ र समयमा नतिरी दस्तुर जरिवाना तिर्नुपर्ने भएमा कार्यालय प्रमुख स्वयं जिम्मेवार हुनुपर्नेछ।

१३) दैनिक भ्रमण भत्ता भर्दा यातायात व्यवस्था विभागमा सार्वजनिक गरिएको भाडादर अनुसारको यातायात खर्च भर्ने व्यवस्था मिलाउनुपर्नेछ वा सुनिश्चित गर्नुपर्नेछ।

१४) नियमानुसार सुविधामा प्राप्त हुने हकमा बाहेक अन्य कर्मचारीले व्यक्तिगत प्रयोजनका लागि कार्यालयको विद्युत उपभोग गर्दा अनिवार्य सवमिटर जडान गरी सोहीअनुसार व्यक्तिगत भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

१५) "स्वास्थ्य सामग्री प्रसारण" कार्यक्रमका लागि बजेट विनियोजन भएका कार्यालयले आफ्नो जिल्लाको प्रमुख स्वास्थ्य समस्या र समसामयिक स्वास्थ्य समस्या सम्बोधन हुने गरी सिर्जनात्मक स्वास्थ्य सामग्रीहरु बढीभन्दा बढी नागरिकको पहुँचमा पुग्ने गरी प्रसारण गर्नुपर्नेछ र सोको भिडियो/अडियो कपी मन्त्रालयमा समेत पेस गर्नुपर्नेछ।

**कार्यक्रमतर्फः**

१. स्वीकृत कार्यक्रमहरुको एकरुपता एवं प्राविधिक सहजीकरणका लागि यस निर्देशिका तयार भएको हुनाले यसै निर्देशिकाले तोकेबमोजिम नै कार्यक्रम सञ्चालनको व्यवस्था गर्नुपर्नेछ। यस मार्गदर्शनमा उल्लिखित कुराहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका फोकल पर्सनको हुनेछ।

२. कार्यक्रम सञ्चालनका लागि क्षेत्रगत फोकल व्यक्ति तोकी सोको जानकारी मन्त्रालय तथा निर्देशनालायलाई गराउनुपर्नेछ र सो फोकल व्यक्तिलाई सम्बद्ध क्षेत्रको कार्यक्रम गर्ने मात्र नभई आफ्नो जिम्मेवारीमा परेको क्षेत्रको तथ्याङ्क सङ्कलन गर्ने, स्थानीय तहका क्रियाकलापहरु सञ्चालनमा

स्वीकृत मितिः २०८३।०४।२५

आवश्यक सहजीकरण गर्ने, त्यस क्षेत्रसँग सम्बन्धित क्षेत्रका नीति, निर्देशिका, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता, लक्ष्यहरु स्थानीय तहसम्मै शेयर गर्ने, स्थानीय तहलाई यस क्षेत्रका gap पहिचान गर्न सहयोग गर्ने र रेकर्डिङ्ग रिपोर्टिङ्ग चुस्त राख्न निरन्तर नियमन तथा पृष्ठपोषण गर्ने सम्मका क्रियाकलाप गर्न कार्यालयप्रमुखले निर्देशन गर्नुपर्नेछ ।

३. यस मार्गदर्शन अनुरुप प्रत्येक कार्यालयले आफ्नो कार्यालयमा विनियोजित बजेटअनुसारको कार्यक्रम सञ्चालन कार्ययोजना बनाई अख्तियार प्राप्त व्यक्तिबाट स्वीकृत गर्नुपर्नेछ जसमा कम्तीमा पनि कार्यक्रमको बेहोरा, समयसीमा, सञ्चालन प्रक्रियामा बजेट विभाजन, जिम्मेवार शाखा वा व्यक्ति अनिवार्य तोक्नुपर्नेछ र वर्षभरीको कार्यक्रम क्यालेन्डर बनाई सो अनुरुप कार्य गर्नुपर्नेछ।

४. प्रत्येक कार्यक्रम सुरू गर्नुपूर्व कार्यक्रम सञ्चालन प्रक्रिया, अनुमानित खर्च, सहभागी तथा स्रोतव्यक्ति, सहजकर्ता विवरण, कार्यक्रम सञ्चालन हुने स्थान र मिति उल्लिखित टिप्पणी आदेश स्वीकृत भएपश्चात् कार्यक्रम सञ्चालन गर्नु गराउनुपर्नेछ।

५. प्रत्येक कार्यक्रम सञ्चालन गर्दा गराउँदा कार्यक्रमको प्रकृति र बजेटको परिधिभित्र रही प्रचलित **"सार्वजानिक खरिद ऐन, २०६३", "सार्वजानिक खरिद नियमावली २०६४",** "भ्रमण ऐन, नियमावली, आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं.१ को प्रचलित **"सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका"**(कुनै ऐन,नियमावली, कार्यविधि, निर्देशिका नयाँ निर्माण भएको सोही अनुसार समेत) बमोजिम गर्नुपर्नेछ।

६. **प्रदेश स्वास्थ्य तालिम केन्द्र र तालिम प्रदान गर्ने निकायको हकमाः**

क. स्वास्थ्य तालिम केन्द्रबाट सञ्चालन हुने सम्पूर्ण तालिमका लागि आ.व.को सुरुमा प्रदेश मातहतका प्रत्येक अस्पताल तथा कार्यालयमा कार्यरत कर्मचारीको अनिवार्य प्राथमिकताका आधारमा तालिम अनुसार सूची तयार पारी तालिमको तालिका बनाउनुपर्नेछ।

ख. तालिम सञ्चालनका लागि प्रदेश भित्र तालिम साइट नभए वा भएका साइटहरूले गुणस्तर मापदण्ड पूरा नगरेको भए प्रदेश बाहिर रहेको तालिम साइट खुलाई टिप्पणी स्वीकृत गराएर मात्र प्रदेश बाहिर तालिम सञ्चालन गर्नुपर्नेछ। यसरी प्रदेश बाहिर तालिम सञ्चालन गर्नु पर्ने भएमा स्वास्थ्य मन्त्रालयसँग राय लिई सञ्चालन गर्नुपर्नेछ।

१०. कार्यक्रमको प्रगतिको अवस्था (पटक, परिमाण, लाभग्राही सङ्ख्या, प्रमूख उपलब्धि, वित्तीय प्रगति लगायत गुणात्मक र परिमाणात्मक तथ्याङ्क समावेश गरी) तोकिएको ढाँचामा त्रैमासिक र वार्षिक रुपमा स्वास्थ्य मन्त्रालय र मन्त्रालयको नीति योजना तथा समन्वय शाखाको इमेल yojana.moh@p1.gov.np मा र स्वास्थ्य निर्देशनालयमा पेस गर्नुपर्नेछ।

यो मार्गदर्शन साथै कार्यालयबाट बनाइएको कार्ययोजना अनुरुप कार्यक्रम सञ्चालनको अनुगमन एवं सहजीकरणको व्यवस्था स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयले गर्नुपर्नेछ।

स्वीकृत मितिः २०८३।०४।२५

## विषयसूचीः

क्रियाकलाप(कोड)/खर्च शीर्षकः सर्वांग स्वेदन वाकस र अभ्यंग टेवल खरिद (११.६.१३.७)/३११२३... ६

क्रियाकलाप(कोड)/खर्च शीर्षकः आयुर्वेद न्युनतम सेवा सुदृढीकरण कार्यक्रम (२.७.२२.१५५५)/२२५२२६

क्रियाकलाप (कोड)/खर्च शीर्षकः स्वस्थ जीवन प्रवर्द्धनका लागि योगाभ्यास कार्यक्रम (२.७.२२.१५५४)/२२५२२ ७

क्रियाकलाप (कोड)/खर्च शीर्षकः आयुर्वेद औषधि खरिद (७.२.९.८)/२७२१३ ............................... ९

क्रियाकलाप (कोड)/खर्च शीर्षकः चिकित्सक स्वास्थ्यकर्मी तथा हेल्पर करार र आयुर्वेद चिकित्सक तथा स्वास्थ्यकर्मी करार (२.५.१०.४७), (२.५.१०.४३)/ २२४१९ ............................................................१०

क्रियाकलाप (कोड)/खर्च शीर्षकः निःशूल्क विशेषज्ञ आयुर्वेद स्वास्थ्य शिविर (२.७.२२.२९३)/२२५२२१४

क्रियाकलाप (कोड)/खर्च शीर्षकः निःशूल्क आयुर्वेद स्वास्थ्य शिविर (२.७.२२.१५५१)/२२५२२ ........१५

क्रियाकलाप (कोड)/खर्च शीर्षकः CME सञ्चालन कार्यक्रम (२.७.२२. १५६६)/ २२५२२................१५

क्रियाकलाप (कोड)/खर्च शीर्षकः नसर्ने रोग नियन्त्रणका लागि नागरिक आरोग्य अभियान तथा समन्वय(२.७.२२.१५९५)/२२५२२ .....................................................................१६

क्रियाकलाप (कोड)/खर्च शीर्षकः ल्याब सेवा सञ्चालन तथा सुदृढीकरण (२.७.२२.१५६४)/२२५२२...१९

क्रियाकलाप (कोड)/खर्च शीर्षकः क्षारसुत्र सञ्चालन तथा निरन्तरता(२.७.२२.१५४७)/२२५२२ क्षारसुत्र सेवा सञ्चालन (२.७.२२.७)/२२५२२ .........................................................................२०

क्रियाकलाप (कोड)/खर्च शीर्षकः फिजियोथेरापी सेवा सञ्चालन, फिजियोथेरापी सेवा सञ्चालन तथा निरन्तरता (२.७.२२.८२), (२.७.२२.१६०२)/२२५२२ ...........................................................२१

क्रियाकलाप (कोड)/खर्च शीर्षकः अन्तरंग सेवा व्यवस्थापन (२.७.२२.१५६३)/२२५२२ ................२२

क्रियाकलाप (कोड)/खर्च शीर्षकः स्तनपायी आमा कार्यक्रम (२.७.२२.१५६८) /२२५२२.................२२

क्रियाकलाप (कोड)/खर्च शीर्षकः मेरो स्वास्थ्य मेरो जिम्मेवारी भान्साघर सुधार कार्यक्रम(२.७.२२.१५८२)/२२५२२ .....................................................................२४

क्रियाकलाप (कोड)/खर्च शीर्षकः तालिम साइट स्थापना तथा व्यवस्थापन (२. ७.२२.१)/२२५२२....२५

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुका लागि आयुर्वेद सम्बन्धी अभिमूखीकरण(२.७.२२.१५४८)/२२५२२ २६

क्रियाकलाप(कोड)/खर्चशीर्षकः फिजियोथेरापी सेट अप (७.२.२२.१८०३)/२२५२२........................२७

क्रियाकलाप(कोड)/खर्चशीर्षकः स्वर्ण विन्दु प्राशन कार्यक्रम (५ वर्ष मुनिका वालवालिकाको स्वास्थ्य प्रवर्द्धनार्थ) (२.७.२२.१७४७)/२२५२२ .........................................................................२८

स्वीकृत मितिः २०८३।०४।२५

क्रियाकलाप(कोड)/खर्चशीर्षकः शैक्षिक कार्यक्रम संचालनका लागि विदुषी योगमाया आयुर्वेद विश्वविद्यालयसँग समन्वयात्मक तयारी (२.७.२२.१७७८)/२२५२२ .................................................................. २९

क्रियाकलाप(कोड)/खर्चशीर्षकः होमियोप्याथी औषधि खरिद (७.२.९.६)/२७२१३............................ ३०

क्रियाकलाप(कोड)/खर्च शीर्षकः अस्पताल सञ्चालन तथा सुदृढीकरण (२.७.२२.१६०६)/२२५२२....... ३१

अनुसूची-१ ३२

अनुसूची २ ३४

अनुसूची ३ ३५

अनुसूची ४ ३६

अनुसुची ५ ३७

अनुसुची ६ ३९

अनुसूचि ७ ४१

अनुसुची ८ ४३

अनुसूची ९ ४५

अनुसूची १० ४६

अनुसूची ११ ४७

अनुसूची १२ ४८

स्वीकृत मितिः २०८३।०४।२५

| क्रियाकलाप(कोड)/खर्च शीर्षकः सर्वांग स्वेदन वाकस र अभ्यंग टेवल खरिद (११.६.१३.७)/३११२३ | |
|---|---|
| **उद्देश्य** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा सर्वांग स्वेदन वाकस र अभ्यंग टेवल खरिद गर्ने। |
| **अपेक्षित उपलब्धि** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा पूर्वकर्म/पंचकर्म सेवा प्रवाह भएको हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | १. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा पूर्वकर्म/पंचकर्म सेवा प्रवाह गर्न मापदण्ड अनुसारको सर्वांग स्वेदन वाकस र अभ्यंग टेवलको खरिद योजना तयार गरी खरिद गर्नुपर्नेछ।<br>२. प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको प्रावधान अनुसार खरिद व्यवस्थापन गर्नुपर्नेछ।स्वास्थ्य मन्त्रालयबाट सेवाको अनुगमन गरिनेछ। |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम। |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, सोलुखुम्वु। |
| **सन्दर्भ सामग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम। |
| **प्रतिवेदन** | कार्यक्रम समापन भएपश्चात् विस्तृत प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पेश गर्नुपर्नेछ। |

| क्रियाकलाप(कोड)/खर्च शीर्षकः आयुर्वेद न्युनतम सेवा सुदृढीकरण कार्यक्रम (२.७.२२.१५५५)/२२५२२ | |
|---|---|
| **उद्देश्य** | आयुर्वेद स्वास्थ्य केन्द्र/अस्पतालहरुमा स्वास्थ्य सेवाका लागि न्युनतम सेवा मापदण्ड लेखाजोखाको अन्तरलाई कार्ययोजना बनाई सुदृढ गर्ने। |
| **अपेक्षित उपलब्धि** | आयुर्वेद अस्पतालहरूबाट प्रदान गरिने सेवाको गुणस्तरमा वृद्धि हुने। |
| **सञ्चालन प्रक्रिया** | १. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरिएको जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तथा प्रादेशिक आयुर्वेद अस्पतालको न्यूनतम सेवा मापदण्ड (Minimum Service Standards) अनुसार अस्पतालमा तोकिए बमोजिम समिति गठन गर्नुपर्नेछ। संस्थाले तोके बमोजिम MSS को स्वयं परीक्षण गर्नुपर्नेछ।<br>२. उक्त समितिको बैठक प्रत्येक त्रैमासिकको पहिलो महिनामा बसी MSS टुल प्रयोग गरि आन्तरिक मुल्यांकन गर्नुपर्नेछ।अस्पतालको क्रियाकलापहरुको कार्ययोजना, सकारात्मक तथा सुधार गर्नुपर्ने पक्षहरुको आन्तरिक मूल्याङ्कन र हालसम्मको कार्यान्वयनको अवस्था बारे छलफल गरि निर्णयहरुको अभिलेख राख्नुपर्नेछ। |

स्वीकृत मितिः २०८३।०४।२५

| | |
|---|---|
| | ३. आन्तरिक मूल्याङ्कनका आधारमा सुधार गर्नुपर्ने पक्षहरु पहिचान गरी कार्ययोजना बनाई लागु गर्नुपर्नेछ। कार्ययोजनामा समयसीमा र जिम्मेवार व्यक्ति अनिवार्य तोक्नुपर्नेछ।<br>४. यस शीर्षकमा विनियोजित रकमबाट कार्ययोजनामा सुधार गर्नुपर्ने भनि कार्ययोजनामा उल्लिखित क्रियाकलापहरुको लागि एवं आन्तरिक मुल्यांकनपश्चात हुने बैठकको खाजा खर्च समेतमा खर्च गर्न सकिनेछ।<br>५. प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार खरिद गरी व्यवस्थापन गर्नुपर्नेछ।<br>६. यस शीर्षकमा विनियोजित रकमबाट प्रादेशिक आयुर्वेद अस्पताल र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मोरङले सुदृढिकरणका कार्यका साथै वार्षिक रूपमा चालु आव को अन्तिम महिनामा एकपटक सामाजिक परिक्षण (Social Audit) गर्नुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | सबै जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु, प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुर। |
| **सन्दर्भ सामग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भएपश्चात् जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले स्वास्थ्य निर्देशनालयलाई तथा प्रादेशिक आयुर्वेद अस्पतालले स्वास्थ्य मन्त्रालयलाई प्रतिवेदन पेश गर्नुपर्नेछ। |

| **क्रियाकलाप (कोड)/खर्च शीर्षक: स्वस्थ जीवन प्रवर्द्धनका लागि योगाभ्यास कार्यक्रम** (२.७.२२.१५५४)/२२५२२ | |
|---|---|
| **उद्देश्य** | • योगको माध्यमबाट नागरिकको स्वास्थ्य संरक्षण, प्रवर्द्धन तथा रोगीको रोग व्यवस्थापनका लागि नियमित योगाभ्यास गराउने।<br>• योग र स्वस्थ जीवनशैलीको बारेमा जानकारी गराउने र व्यवहारमा ल्याउन प्रोत्साहित गर्ने। |
| **अपेक्षित उपलब्धि** | • नियमित योग अभ्यासको माध्यमबाट रोग प्रतिरोधात्मक क्षमतामा वृद्धि भई नागरिकको स्वास्थ्य संरक्षण एवं प्रवर्द्धन भएको तथा रोगीको रोग व्यवस्थापनमा सघाउ पुग्नेछ।<br>• योग र स्वस्थ जीवनशैलीको बारेमा जानकारी प्राप्त भई दीर्घायु जीवन यापन गर्न मद्दत पुग्नेछ।<br>• समुदायमा नसर्ने रोग तथा मानसिक रोगहरुको प्रकोप न्यूनीकरण गर्न सहयोग हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | १. यस कार्यक्रम सञ्चालनका लागि आयुर्वेद स्वास्थ्यकर्मी वा आयुर्वेद चिकित्सक वा योग प्रशिक्षक मार्फत् प्रत्येक दिन विहानको समयमा सहभागीलाई नियमित योग अभ्यास गराउने। |

स्वीकृत मितिः २०८३।०४।२५

| | |
|---|---|
| | २. माथि तोकिए बमोजिम(१ मा तोकिए बमोजिम) को व्यवस्था नभएमा योग प्रशिक्षकको हकमा मान्यता प्राप्त संस्थाबाट कम्तिमा ३० कार्यदिनको योग प्रशिक्षण सम्बन्धी तालिम लिएको हुनुपर्नेछ।<br>३. योगाभ्यास सञ्चालनका लागि कार्यतालिका बनाएर नियमित सञ्चालन गर्ने गरी व्यवस्था मिलाउने।<br>४. योग हलको व्यवस्था भएका आयुर्वेद संस्थाहरुमा सोही स्थानमा तथा नभएमा उपयुक्त संघ संस्थासँग समन्वय गरी योग अभ्यासको लागि हलको प्रबन्ध गर्नुपर्नेछ।<br>५. उक्त अवसरमा आयुर्वेदमा उल्लेख भए अनुसारको स्वस्थ जीवनशैली आहार विहार आदिको विषयमा जानकारी गराउनुपर्नेछ।<br>६. प्रत्येक हप्ता यस कार्यक्रममा सहभागीको रक्तचाप, तौल आदि अनुसूची १ अनुसार मापन गरी अभिलेख राख्नुपर्नेछ।<br>७. मधुमेहका रोगी भएमा प्रत्येक महिना रगतमा चिनी र पिसावमा अल्वुमिनको मात्रा परीक्षण गर्न लगाई त्यसको अभिलेख राख्नुपर्नेछ।<br>८. स्वास्थ्यमा आएको विशेष परिवर्तन भएमा त्यसको समेत अभिलेख राख्नुपर्नेछ।<br>९. स्थानीय तहसंग समन्वय गरी योग अभ्यास कार्यक्रमलाई पहुँच बाहिरका तिन स्थानहरुमा पाँच दिनको योग शिविर आयोजना गरी संचालन गर्न सकिनेछ।<br>१०. राष्ट्रिय योग दिवस, विश्व योग दिवस लगायत दिवसहरुमा सचेतना कार्यक्रम संचालन गर्न पर्नेछ।<br>११. यस शीर्षकमा विनियोजित बजेटबाट दैनिक योग सिकाउने प्रशिक्षकको तोकए बमोजिमको खाजा खर्च बापत मासिक रु ४००० र संचार खर्चबापत मासिक रु २००० गरि जम्मा मासिक रु.६०००, शिविर संचालन गर्दाको नियमानुसारको दैनिक तथा भ्रमण खर्च, तोकिए बमोजिमका जाँचहरु गर्न आवश्यक सामग्री (glucostrips, अमृत/जडिबुटी चिया, आदि) खरिद व्यवस्थापन समेत गर्न सकिनेछ। |
| **बजेट बाँडफाँड** | • बजेट परिधिभित्र पुग्ने गरी नियमित योगाभ्यास गराए बापत प्रशिक्षण कार्यमा संलग्न जनशक्तिलाई महिनाको जम्मा रु. ६,०००/- हुने गरी खर्चको व्यवस्था गर्ने र त्यसका लागि प्रति महिना कम्तिमा २० वटा सेसन अनिवार्य सञ्चालन भएको हुनुपर्नेछ।<br>• तिन स्थानमा योग शिविर संचालनका लागि जम्मा रु. ९००००/-।<br>• योग दिवसहरु र आवश्यक औषधि-उपकरण व्यवस्थापनको लागि बाँकी रकम। |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु तथा प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भएपश्चात विस्तृत प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पेश गर्नुपर्नेछ। |

स्वीकृत मितिः २०८३।०४।२५

| क्रियाकलाप (कोड)/खर्च शीर्षकः आयुर्वेद औषधि खरिद (७.२.९.८)/२७२१३ | |
|---|---|
| **उद्देश्य** | • स्वास्थ्य संस्थामा निःशुल्क आधारभुत सेवा प्रदान गर्न आवश्यक औषधीको उपलब्धता सुनिश्चित गराउने।<br>• निःशुल्क औषधि सहितको सेवा निरन्तर प्रवाह गर्ने। |
| **अपेक्षित उपलब्धि** | • आवश्यक उपचार सेवा र औषधिको नियमित उपलब्धता हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | १. आयुर्वेद स्वास्थ्य संस्थाको विरामी तथ्यांक अनुसार अत्यावश्यक आयुर्वेद औषधिको प्राथमिकता एवं परिमाण तयार गर्ने। खरिद इकाई गठन गरी प्राप्त वजेटको परिधि भित्र रही नेपाल सरकारद्वारा तोकिएका ३५ प्रकारका अत्यावश्यक आयुर्वेद औषधीहरु खरिद गर्नुपर्नेछ।<br>२. औषधि खरिद गर्दा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत सिंहदरवार वैद्यखाना विकास समिति काठमाडौंले उत्पादन गरेका औषधीहरु G2G model माध्यमद्वारा खरिद गर्नु पर्नेछ।<br>३. सिंहदरवार वैद्यखाना विकास समिति काठमाडौंले ती वा केही औषधि उपलव्ध गराउन नसक्ने लिखित वा प्रमाणित आधार भएमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित नियमानुसार औषधीहरु खरिद गर्न सकिनेछ।<br>४. ती औषधिहरु खरिद गर्दा WHO-GMP Guideline/National GMP Guideline/औषधि उत्पादन कुशल अभ्यास (दोश्रो संशोधन) संहिता, २०८२ बमोजिम प्रमाणीकरण गरिएको उद्योगबाट उत्पादित औषधी एवं औषधी व्यवस्था विभागमा दर्ता भई नवीकरण भएको, उत्पादन अनुज्ञा पत्र र बजार विक्री वितरण प्रमाणपत्र अनिवार्य रुपमा पेस भएको हुनुपर्नेछ।<br>५. खरिद गरिने औषधिहरुको व्याच नं, निर्मित मिति र म्याद समाप्ति मिति लेखिएको हुनुपर्ने र कम्तीमा १ वर्ष म्याद समाप्ति मिति बाँकी रहेको हुनपर्नेछ।<br>६. औषधिको बट्टा प्याकेजिङ बाहिर अनिवार्य रुपमा स्पष्ट देखिने गरी "प्रदेश सरकारद्वारा निःशूल्क वितरणका लागि" भनी उल्लेख गरिएको हुनुपर्नेछ।<br>७. अनुसूची २ बमोजिमको गुणस्तर परीक्षण प्रतिवेदन, चूर्ण औषधीको हकमा मान्यता प्राप्त औषधि परिक्षण प्रयोगशालाबाट Microbial test comply भएको प्रमाणपत्र एवं खरिद भएका सम्पूर्ण औषधीहरुको मौज्दात फारम अनुसूची ३ भरी औषधि दाखिला भएको १ महिना भित्र स्वास्थ्य मन्त्रालयमा अनिवार्य रुपमा पठाउनुपर्नेछ। |

स्वीकृत मितिः २०८३।०४।२५

| | |
|---|---|
| | ८. साथै आर्थिक वर्षको मसान्तमा अध्यावधिक गरिएको औषधिहरुको विवरण अनुसूची ३ र खपत भएका औषधिहरुको विवरण ४ भरी मन्त्रालयमा अनिवार्य पठाउनु पर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु तथा प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर। |
| **सन्दर्भ सामग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम। |
| **अभिलेखीकरण/प्रतिवेदन** | मातहतका आयुर्वेद स्वास्थ्य संस्थाहरुले औषधि वितरण को मासिक विवरणको अभिलेख राखी स्वास्थ्य निर्देशनालय समक्ष प्रतिवेदन पठाउनुपर्नेछ। |

**क्रियाकलाप (कोड)/खर्च शीर्षकः चिकित्सक स्वास्थ्यकर्मी तथा हेल्पर करार र आयुर्वेद चिकित्सक तथा स्वास्थ्यकर्मी करार (२.५.१०.४७), (२.५.१०.४३)/ २२४१९**

| | |
|---|---|
| **उद्देश्य** | आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाको सुदृढीकरण तथा विस्तार गर्ने। |
| **अपेक्षित उपलब्धि** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु तथा अस्पतालमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाको सुदृढीकरण तथा विस्तार भएको हुनेछ। जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरुमा क्रमशः विशेषज्ञ चिकित्सा सेवा उपलव्ध भएको हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | १. प्रदेश स्वास्थ्य कर्मचारी करार कार्यविधि र प्रचलित नियम अन्तर्गत रहेर आयुर्वेद स्वास्थ्य केन्द्र तथा अस्पतालहरुमा जनशक्ति करार सेवामा लिनुपर्नेछ तथा गत आ.व. मा नियुक्त भई कार्यरत रहेकालाई कार्यसम्पादनको आधारमा निरन्तरता दिन सकिनेछ। २. आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाको सुदृढीकरण तथा विस्तार गर्ने प्रयोजनका लागि तपसिल बमोजिम जनशक्ति करार सेवामा लिई सेवा सञ्चालन गर्नुपर्नेछ। |

**क. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मोरङ**

| **क्र.सं** | **पद** | **तह** | **संख्या** | **कैफियत** |
|---|---|---|---|---|
| १. | कन्सल्टेण्ट आयुर्वेद विज्ञ | नवौं | १ | |
| २. | आयुर्वेद चिकित्सक | आठौं | १ | |
| ३. | होमियोप्याथी चिकित्सक | आठौं | १ | |
| ४. | होमियोप्याथी सहायक | पाँचौ | १ | |
| ५. | स्टाफ नर्स | पाँचौ | १ | |
| ६. | फिजियोथेरापी असिस्टेण्ट | पाँचौ | १ | |
| ७. | अनमी | चौथो | ३ | |

स्वीकृत मितिः २०८३।०४।२५

| | | | | |
|---|---|---|---|---|
| ८. | वैद्य | चौथो | ३ | |
| ९. | का.स | श्रेणी विहिन | २ | |

**ख. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, झापा**

| क्र.सं | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | फिजियोथेरापी असिष्टेण्ट | पाँचौ | १ | |
| २. | स्टाफ नर्स | पाँचौ | १ | |
| ३. | अ न मी | चौथो | १ | |

**ग. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, इलाम**

| क्र.सं | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | आयुर्वेद चिकित्सक | आठौं | १ | |
| २. | स्टाफ नर्स | पाँचौ | १ | |
| ३. | अनमी | चौथो | २ | |
| ४. | वैद्य | चौथो | ३ | |
| ५. | का.स | श्रेणी विहिन | २ | |

**घ. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, उदयपुर**

| क्र.सं | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | होमियोप्याथी चिकित्सक | आठौं | १ | |
| २. | फिजियोथेरापी असिष्टेण्ट | पाँचौ | १ | |
| ३. | स्टाफ नर्स | पाँचौ | १ | |
| ४. | वैद्य | चौथो | १ | |

**ङ. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, पाँचथर**

| क्र.सं | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | आयुर्वेद चिकित्सक | आठौं | १ | |
| २. | अनमी | चौथो | २ | |
| ३. | वैद्य | चौथो | १ | |
| ४. | का.स | श्रेणी विहिन | १ | |

**च. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, सुनसरी**

स्वीकृत मिति: २०८३।०४।२५

| क्र.सं | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | आयुर्वेद चिकित्सक | आठौं | १ | |

**झ. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, धनकुटा**

| क्र.सं | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | वैद्य | चौथो | १ | |

**ञ. प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर, झापा**

| क्र.सं | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | प्राकृतिक चिकित्सक | आठौं | १ | |
| २. | वैद्य | चौथो | १ | |
| ३. | का. स. | श्रेणी विहिन | १ | * |

**ट. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, भोजपुर**

| क्र.सं | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | वैद्य | चौथो | १ | |

**ठ. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, ओखलढुंगा**

| क्र.सं | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | वैद्य | चौथो | १ | |

**ड . जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, खोटाङ**

| क्र.सं | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | स्टाफ नर्स | पाचौं | १ | |
| २. | अक्युपंचर सहायक | पाचौं | १ | |
| ३. | अ. न. मी. | चौथो | २ | |
| ४. | वैद्य | चौथो | ३ | १ सशुल्क फार्मेसी , २ पंचकर्म (महिला र पुरुष) |

स्वीकृत मितिः २०८३।०४।२५

| | |
|---|---|
| | यस अन्तर्गतका शीर्षकहरूमा विनियोजित बजेटहरूबाट तोकिएका कर्मचारी बाहेक अन्य कर्मचारीलाई तलब भत्ता दिन मिल्नेछैन।<br>३. सेवा करारमा भएका कर्मचारीको कार्यसम्पादनको नियमित मूल्याङ्कन र अनुगमन गर्नुपर्नेछ। |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम।(जनशक्तिको लागि पारिश्रमिक तथा चाडपर्व खर्च समेत) |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मोरङ, झापा, सुनसरी, इलाम, उदयपुर, धनकुटा, ओखलढुंगा, भोजपुर, खोटाङ र पाँचथर तथा प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर, झापा। |
| **सन्दर्भ सामग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम। |
| **प्रतिवेदन** | आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाको सुदृढीकरण तथा विस्तार भएका स्वास्थ्य संस्थाहरुमा सेवा प्रयोजनका लागि AMIS मा तोकिए बमोजिमको फाराम बनाई नियमित प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पठाउने। |

स्वीकृत मितिः २०८३।०४।२५

| क्रियाकलाप (कोड)/खर्च शीर्षकः निःशूल्क विशेषज्ञ आयुर्वेद स्वास्थ्य शिविर (२.७.२२.२९३)/२२५२२ | |
|---|---|
| **उद्देश्य** | • प्रदेशमा आयुर्वेद स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका समुदायहरुमा विशेषज्ञ सेवा सहितको निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर सञ्चालन गर्ने। |
| **अपेक्षित उपलब्धि** | • प्रदेशमा आयुर्वेद स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका समुदायमा विशेषज्ञ आयुर्वेद स्वास्थ्य सेवा प्राप्त हुनेछ, सेवा वारेमा सुसुचित हुनेछ साथै थप उपचारका लागि प्रादेशिक आयुर्वेद अस्पतालमा प्रेषण हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | १. कोशी प्रदेश भित्र सेवाको पहुँचबाट टाढा रहेका जनसमुदायको बसोबास क्षेत्रमा विशेषज्ञ आयुर्वेद स्वास्थ्य शिविर सञ्चालनको योजना तयार गर्नुपर्नेछ।<br>२. स्थान चयन गर्दा विगत आ. व. को भन्दा फरक जिल्लालाई प्राथमिकता दिनुपर्नेछ।<br>३. स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तथा स्थानीय तहसँग आवश्यक समन्वय गरी विशेषज्ञ आयुर्वेद स्वास्थ्य शिविर सञ्चालन गर्नुपर्नेछ।<br>४. शिविर सञ्चालन गर्नु पूर्व कम्तिमा १५ दिन अगाडि देखि प्रचारप्रसार गर्नुपर्नेछ।<br>५. शिविर सञ्चालन गर्दा कायचिकित्सक, शल्यचिकित्सक, स्त्रीप्रसुति विशेषज्ञसहित विभिन्न विशेषज्ञद्वारा सेवा प्रदान गर्नुपर्नेछ।<br>६. कार्ययोजना अनुसार शिविर एक भन्दा बढी पटक संचालन गर्न सकिनेछ।<br>७. निःशुल्क प्रदान गरिने औषधिहरुवाहेक शिविरलाई आवश्यक पर्ने अन्य औषधीहरु यस कार्यक्रमबाट खरिद गर्न सकिनेछ। |
| **बजेट बाँडफाँड** | अख्तियारीमा भए बमोजिम वजेटको ६० प्रतिशत औषधि खरिद तथा ४० प्रतिशत शिविर व्यवस्थापनमा खर्च गर्नुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुर, झापा। |
| **सन्दर्भ सामग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम। |
| **प्रतिवेदन** | शिविर कार्यक्रम सम्पन्न पश्चात् सो को प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेस गर्नुपर्नेछ। |

स्वीकृत मितिः २०८३।०४।२५

| क्रियाकलाप (कोड)/खर्च शीर्षकः निःशूल्क आयुर्वेद स्वास्थ्य शिविर (२.७.२२.१५५१)/२२५२२ | |
|---|---|
| **उद्देश्य** | आयुर्वेद स्वास्थ्य संस्थाको पहुँच नपुगेका स्थानहरूमा आयुर्वेद चिकित्सा सेवा प्रवाह गर्ने तथा सेवा सम्बन्धि सचेतना फैलाउने। |
| **अपेक्षित उपलब्धि** | आयुर्वेद स्वास्थ्य संस्था नभएका स्थानहरूमा स्वास्थ्य लाभ हुनुका साथै आयुर्वेद चिकित्सा सम्बन्धि सचेतना अभिवृद्धि समेत भएको हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | १. आयुर्वेद सेवाको पहुँच नपुगेका स्थानहरू छनोट गरी जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले आवश्यकता अनुसार चिकित्सक सहितको जनशक्ति परिचालन गरी कार्ययोजना अनुसार नि:शूल्क शिविर सञ्चालन गर्ने।<br>२. स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय धनकुटा तथा स्थानीय तहसँग आवश्यक समन्वय गरी निःशुल्क आयुर्वेद चिकित्सा स्वास्थ्य शिविर सञ्चालन गर्नुपर्नेछ।<br>३. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मोरङ र उदयपुरले होमियोप्याथी चिकित्सकलाई समावेश गरेर व्यानरमा होमियोप्याथी चिकित्सा सेवा समेत उल्लेख गरी शिविर सञ्चालन गर्नुपर्नेछ।<br>४. शिविर सञ्चालन गर्नु पूर्व कम्तिमा ७ दिन अगाडि देखि प्रचारप्रसार गर्नुपर्नेछ।<br>५. कार्ययोजना अनुसार शिविर एक भन्दा बढी पटक संचालन गर्न सकिनेछ।<br>६. शिविरलाई आवश्यक पर्ने निःशुल्क प्रदान गरिनेबाहेक अन्य औषधीहरु यस कार्यक्रमबाट खरिद गर्न सकिनेछ। |
| **बजेट बाँडफाँड** | अख्तियारीमा भए बमोजिम वजेटको ६० प्रतिशत औषधि खरिद तथा ४० प्रतिशत शिविर व्यवस्थापनमा खर्च गर्नुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु सबै। |
| **सन्दर्भ सामग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम। |
| **प्रतिवेदन** | शिविर सञ्चालन पश्चात् विस्तृत प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पेस गर्नुपर्नेछ। |

| क्रियाकलाप (कोड)/खर्च शीर्षकः CME सञ्चालन कार्यक्रम (२.७.२२. १५६६)/ २२५२२ | |
|---|---|
| **उद्देश्य** | चिकित्सक तथा स्वास्थ्यकर्मीहरुका लागि Continue Medical Education (CME ) कार्यक्रम सञ्चालन गर्ने। |

स्वीकृत मितिः २०८३।०४।२५

| | |
|---|---|
| **अपेक्षित उपलब्धि** | चिकित्सकहरु बीचमा ज्ञान सीपको आदान प्रदान भई प्रादेशिक आयुर्वेद अस्पताल तथा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरुबाट प्रवाह हुने सेवाहरुमा थप सुधार भएको हुनेछ तथा सेवाग्राहीहरुले गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्नेछन्। |
| **सञ्चालन प्रक्रिया** | १. प्रत्येक १५ दिनमा कक्षा सञ्चालनका लागि समय तालिका तयार गर्ने र कक्षा सञ्चालनका लागि आयुर्वेद चिकित्सकहरुलाई संलग्न गराउने भूमिका अस्पताल प्रमुखले निर्वाह गर्नुपर्नेछ।<br>२. दैनिक बिरामी केस अनुसार विषय केन्द्रित गरी निश्चित बार एवं समय तोकी सबै चिकित्सकहरु तथा स्वास्थ्यकर्मीहरुलाई सहभागी गराउनुपर्नेछ।<br>३. विषय विज्ञलाई सहभागी गराई समेत CME सञ्चालन गर्न सकिनेछ र कक्षा सहजीकरण गर्ने व्यक्तिलाई बजेटको परिधि भित्र रही सहजीकरण बापतको भत्ता दिन सकिनेछ।<br>४. विनियोजन भएको रकम प्रचलित आर्थिक प्रशासन सम्बन्धि ऐन, नियम, कार्यविधि, मापदण्ड बमोजिम खर्च गर्नुपर्नेछ।<br>५. CME सञ्चालनका लागि एउटा छुट्टै अभिलेख /निर्णय पुस्तिका राखी त्यसमा सञ्चालन गरिएको मिति, समय, संयोजक/प्रमुखको नाम, सहभागीहरुको नाम, थर, पद, संस्था सहितको विवरण, कार्यक्रममा उठेका तथा छलफल भएका मुख्य विषयबस्तुहरु क्रमबद्ध रुपमा उल्लेख गरी संयोजक/प्रमुखबाट प्रमाणित गराई दुरुस्त राख्नुपर्नेछ। |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम। |
| **सञ्चालन गर्ने निकाय** | प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुर, झापा तथा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु। |
| **सन्दर्भ सामग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम। |
| **प्रतिवेदन** | यसको प्रतिवेदन नियमित रुपमा स्वास्थ्य निर्देशनालयमा पेस गर्नुपर्नेछ। |

| | |
|---|---|
| **क्रियाकलाप (कोड)/खर्च शीर्षकः नसर्ने रोग नियन्त्रणका लागि नागरिक आरोग्य अभियान तथा समन्वय(२.७.२२.१५९५)/२२५२२** | |
| **उद्देश्य** | मेरो स्वास्थ्य मेरो जिम्मेवारीको मूल मर्ममा रहेर आफ्नो र समुदायको स्वास्थ्यप्रति जिम्मेवारी बोध गरी स्थानीय तहमा स्वस्थ जीवनशैली अवलम्बनका लागि अभियानमूलक कार्यक्रमहरु सञ्चालन गर्ने। |

स्वीकृत मितिः २०८३।०४।२५

| | |
|---|---|
| **अपेक्षित उपलब्धि** | • नागरिकहरु आफ्नो र समुदायको स्वास्थ्य प्रति सचेत भएको हुनेछन्। <br>• स्वस्थ जीवनशैली अवलम्बनको माध्यमबाट नागरिकको स्वास्थ्य प्रवर्द्धन भएको हुनेछ। <br>• विभिन्न सर्ने तथा नसर्ने रोगहरु न्यूनिकरण गर्न सघाउ पुग्नेछ। |
| **सञ्चालन प्रक्रिया** | १. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले नागरिक आरोग्य समितिहरु, नागरिक आरोग्य सेवा केन्द्र, आयुर्वेद औषधालय, समूह तथा जनप्रतिनिधि र समुदायको समन्वय र सहकार्यमा नसर्ने रोग नियन्त्रण अभियान सञ्चालन गर्नुपर्नेछ। <br>२. नागरिक आरोग्य अभियानमा गर्ने कार्यहरुः- <br>३. जिल्ला र पालिकाका नागरिक आरोग्य समितिको वैठकद्वारा अभियान संचालनको लागि कम्तिमा ३ वटा स्थानीय तह छनौट गर्ने। <br>४. छनौट भएको स्थानिय तहमा नागरिक आरोग्य समिति, नागरिक आरोग्य समुह, स्वास्थ्यकर्मी, जनप्रतिनिधि, शिक्षक, संचारकर्मी, कर्मचारी र समुदायको सहभागितामा सामुदायिक आरोग्य सचेतना कार्यक्रम सञ्चालन गर्ने। <br>५. कार्यक्रम संचालन गर्नुपुर्व सरोकारवालाहरुसँग तयारी बैठक संचालन गर्नुपर्नेछ। <br>६. कार्यक्रममा उपस्थित नागरिकहरुको Height, Weight, BMI, RBS जांच, जीवनशैली परीक्षण (HLRA) र परामर्श गर्ने र आवश्यकता अनुसार प्रेषण गर्ने। मापन गरिएका तथ्यांक विवरणहरु अनुसुची ५ बमोजिम को फर्मेटमा अभिलेख तथा अनुसुची ६ वमोजिमको प्रतिवेदन तयार गर्नुपर्नेछ। यसका लागि आवश्यक पर्ने उपकरणहरु जस्तै BP set, Glucometer, Height Board, Weight Machine, आदिको व्यवस्थापन समेत यसै कार्यक्रमको वजेट वाँडफाड अनुसार गर्नुपर्नेछ। <br>७. स्वस्थ जीवनशैली, योग, जडीबुटी तथा नसर्ने रोगसम्बन्धि जानकारी पुस्तक, पम्पलेट, ब्रोसर तथा हाते पुस्तिका लगायतका सूचनामूलक सामाग्रीहरु प्रदर्शन र वितरण गर्नुपर्नेछ र छपाइ व्यवस्थापनको कार्य समेत यसै बजेटबाट गर्न सकिनेछ। <br>८. यसका अतिरिक्त नागरिक आरोग्य सेवा केन्द्रको कृयाकलापहरुलाई समेत सहजीकरण गर्नुपर्नेछ। <br>९. मेरो स्वास्थ्य मेरो जिम्मेवारी अभियान महिनालाई नागरिक आरोग्य सेवा केन्द्रसँग सहजिकरण गरि मार्गदर्शन अनुरुप संचालन गर्नुपर्नेछ। <br>१०. यसै बजेटबाट नमुना आरोग्य बिद्यालय कार्यक्रम समेत संचालन गर्नुपर्नेछ <br>११. यसका लागि प्रत्येक जिल्लाले नमूना आरोग्य विद्यालय (Wellness Model School) बनाउनका लागि २ वटा विद्यालय छनौट गर्नुपर्नेछ। विद्यालय छनौट गर्दा जिल्ला शिक्षा इकाईसंग समन्वय गरी विद्यालय नर्स/ स्वास्थ्य तथा शारीरिक शिक्षक भएको, खानेपानी, क्यान्टिन व्यवस्था भएको साथै विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम संचालन भइनरहेको विद्यालय छनौट गर्नुपर्नेछ। |

स्वीकृत मितिः २०८३।०४।२५

| | |
|---|---|
| | १२. छनौटपश्चात जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले विद्यालय शिक्षक, अभिभावक, व्यवस्थापन समिति, विद्यालय नर्स, स्वास्थ्य तथा शारीरिक शिक्षकसहित कार्यक्रम र संचालन प्रक्रिया सम्बन्धमा अभिमुखिकरण गर्नुपर्नेछ।<br>१३. हिमाली जिल्लाका विद्यालयमा कक्षा ५,६,७,८; पहाडी जिल्लामा कक्षा ५,६ र तराई जिल्लामा कक्षा ५ का विद्यार्थीहरुमा आरोग्य प्रवर्द्धन कृयाकलाप अभ्यास गराउनुपर्नेछ। यसका लागि कार्यक्रमका फोकल व्यक्ति/प्रशिक्षक कार्यक्रम लागु भएका विद्यालयका विद्यालय नर्स वा नभएमा स्वास्थ्य तथा शारिरिक शिक्षक हुनेछन्।<br>१४. नमूना आरोग्य विद्यालय (Wellness Model School)ले विद्यार्थीहरु र बिद्यालयको आरोग्यता प्रबर्द्धनका क्रियाकलापहरु संचालन गर्नुपर्नेछ। विद्यालयको फोकल व्यक्तिले विद्यार्थीको निम्नानुसारका आरोग्यता अभ्यासको मापन गरी gap पहिचान गरि प्रबर्द्धनका क्रियाकलापहरु संचालन गर्नुपर्नेछ।<br>१५. विद्यार्थीहरुको आरोग्य अभ्यास: घरमा विहान उठ्ने, दैनिक नुहाउने, घरको प्राकृतिक खाना-खाजा खाने, शारिरिक रुपमा सकृय र पारिवारिक कार्यमा सहभागी हुने; विद्यालयमा नियमित योग/शारीरिक अभ्यास गर्ने, अल्ट्रा-प्रशोधित खाना त्याग तथा स्वस्थकर आहार लिने, सरसफाई गर्ने, मोवाइल/टि. भी. धेरै नहेर्ने।<br>१६. विद्यालयको आरोग्य अभ्यास: सुरक्षित खानेपानी व्यवस्था, कक्षाकोठा र परिसर सरसफाई, शौचालय सफाई, फोहर व्यवस्थापन गर्नुपर्ने तथा जडिवुटि उद्यान र वगैंचा संरक्षण कार्यहरु गर्नुपर्ने।<br>१७. महिनामा चार पटक स्वस्थ जीवनशैली प्रवर्द्धन गर्न योग सम्बन्धी प्रयोगात्मक कक्षा संचालन गर्नु पर्ने (सन्दर्भ सामाग्री: नागरिक आरोग्य कार्यक्रम र विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम पुस्तिका); कक्षा संचालन सकेसम्म विद्यालय नर्स वा स्वास्थ्य-शारीरिक शिक्षा शिक्षकले नभए आयुर्वेद चिकित्सक-स्वास्थ्यकर्मीले गर्नुपर्नेछ, हाजिरी तयार गर्नुपर्ने।<br>१८. कार्यक्रम कार्यान्वयन र प्रगति छलफल गर्न जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको संयोजनमा त्रैमासिक शिक्षक-अभिभावक, व्यवस्थापन समितिविच समन्वयात्मक वैठक बस्ने। खाजाको व्यवस्था गर्नुपर्ने।<br>१९. तोकिएको अनुसुचि ७ अनुसार मासिक तथ्यांक संकलन र अनुसूचि ८ अनुसार त्रैमासिक प्रतिवेदन फोकल व्यक्तिले तयास गर्ने।<br>२०. त्रैमासिक प्रतिवेदन जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले प्राप्त गर्ने।<br>२१. कक्षा संचालन गरे वापत रु ३०० प्रति कक्षा प्रशिक्षकलाई प्रदान गर्न सकिनेछ।<br>२२. बिधार्थीको विवरण संकलन (अनुसुचि ७ र ८) गरे वापत विद्यालयका फोकल व्यक्तिलाई रु १००० प्रति महिना प्रदान गर्ने।<br>२३. विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम संगै संचालन गर्न नहुने। |

स्वीकृत मितिः २०८३।०४।२५

| | |
|---|---|
| | २४. स्वास्थ्य निर्देशनालय र मन्त्रालयबाट अनुगमन निरीक्षण हुनेछ। |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम।<br>नागरिक आरोग्य अभियान कृयाकलाप संचालनको लागि जम्मा रु १,५०,०००/-<br>उपकरण व्यवस्थापन तथा सूचना सामाग्रीको लागि जम्मा रु ५०,०००/-<br>नमूना आरोग्य विद्यालय (Wellness Model School) कृयाकलापको लागि रु. ५०,०००/- प्रति विद्यालय |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु। |
| **सन्दर्भ सामग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भएपश्चात विस्तृत प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पेस गर्नुपर्नेछ। |

| **क्रियाकलाप (कोड)/खर्च शीर्षकः ल्याब सेवा सञ्चालन तथा सुदृढीकरण (२.७.२२.१५६४)/२२५२२** | |
|---|---|
| **उद्देश्य** | प्रयोगशाला मार्फत् प्रभावकारी एवं सुलभ निदान तथा उपचार व्यवस्थापन गर्ने। |
| **अपेक्षित उपलब्धि** | गुणस्तरीय ल्याव सेवा प्रवाह भई चिकित्साको प्रभावकारिता अभिवृद्धि भएको हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | १. रोग निदानको लागि नियमित रुपमा प्रयोगशाला परिक्षणको व्यवस्था मिलाउनुपर्नेछ।<br>२. ल्यावको लागि आवश्यक सामग्री, उपकरणहरुको व्यवस्थापन गर्नुपर्नेछ।<br>३. MSS अनुसारका ल्याव सेवाको कार्ययोजना बमोजिम वजेट उपयोग गर्नुपर्नेछ।<br>४. AHMIS मा प्रयोगशालाको तथ्यांक नियमित अभिलेख र प्रतिवेदन पेस गर्नुपर्नेछ।<br>५. वर्षभरी निरन्तर रुपमा ल्याव सेवा उपलव्ध गराउनुपर्नेछ। |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम। |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु सबै तथा प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर। |
| **सन्दर्भ सामग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम। |
| **प्रतिवेदन** | नियमित रुपमा यसको प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पेस गर्नुपर्नेछ। र स्वास्थ्य निर्देशनालयबाट एकीकृत गरी स्वास्थ्य मन्त्रालयमा पेस गर्नुपर्नेछ। |

स्वीकृत मितिः २०८३।०४।२५

| **क्रियाकलाप (कोड)/खर्च शीर्षकः क्षारसुत्र सञ्चालन तथा निरन्तरता(२.७.२२.१५४७)/२२५२२ क्षारसुत्र सेवा सञ्चालन (२.७.२२.७)/२२५२२** | |
|---|---|
| **परिचय** | आयुर्वेद चिकित्सामा वर्णन गरिएको minimum invasive विधि अपनाएर गरिने क्षारसूत्र शल्य चिकित्साद्वारा मलद्वार सम्बन्धी रोगहरु ( Anorectal diseases ) को शल्यकर्म गरी उपचार गर्न यो कार्यक्रम सञ्चालन गरिएको हो। |
| **उद्देश्य** | तोकिएको आयुर्वेद संस्थावाट क्षारसूत्र सेवा सञ्चालन गरी गुद विकार (Anorectal diseases) रोगहरुको क्षारसुत्र विधिद्वारा शल्यकर्म गर्ने। |
| **अपेक्षित उपलब्धि** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तथा प्रादेशिक आयुर्वेद अस्पतालबाट मलद्वार सम्बन्धी रोगहरु (Anorectal diseases) को क्षारसूत्र शल्य चिकित्साद्वारा उपचार भएको हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | १. क्षारसुत्र शल्य सेवा सञ्चालन सम्बन्धमा मासिक बैठक तथा अस्पताल व्यवस्थापन समिति बैठकमा छलफल गर्नुपर्नेछ।<br>२. उपरोक्त आधारमा क्षारसुत्र सेवा सञ्चालनका लागि चाहिने अति आवश्यक औषधी, औजार, उपकरण आदिको सुची तयार गरेर कार्ययोजना बनाई व्यवस्थापन गर्नुपर्नेछ।<br>३. सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार सञ्चालन व्यवस्थापन गर्नुपर्नेछ।<br>४. प्रचलित कार्यविधि र नियमानुसार विशेषज्ञ वा चिकित्सकहरुद्वारा क्षारसुत्र शल्य सेवा प्रदान गर्नुपर्नेछ।<br>५. मासिक तथ्यांक AHMIS मा प्रविष्टि गर्नुपर्नेछ।<br>६. क्षारसूत्र शल्य सेवा सञ्चालन गर्दा स्वास्थ्य मन्त्रालयसँग समन्वय गर्नुपर्नेछ। |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम। |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मोरङ, धनकुटा, तेह्रथुम, इलाम, भोजपुर, सुनसरी, ओखलढुंगा, खोटाङ, झापा, पांचथर तथा प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर। |
| **सन्दर्भ सामग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि र अन्य प्रचलित ऐन नियम तथा "क्षारसूत्र सेवा प्रदान गर्ने आयुर्वेद संस्थाहरुको नियमन मार्गदर्शन"। |
| **प्रतिवेदन** | कार्यक्रम समापन भएपश्चात् एक एक प्रति स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयमा पेस गर्नुपर्नेछ। |

स्वीकृत मितिः २०८३।०४।२५

| क्रियाकलाप (कोड)/खर्च शीर्षकः फिजियोथेरापी सेवा सञ्चालन, फिजियोथेरापी सेवा सञ्चालन तथा निरन्तरता (२.७.२२.८२), (२.७.२२.१६०२)/२२५२२ | |
|---|---|
| **परिचय** | मानव शरीरका विभिन्न अंग तथा प्रणालीहरु जस्तै नसा, मांसपेशी, हाडजोर्नी, स्नायु, श्वासप्रश्वास, रक्तसञ्चार आदिमा हुने समस्या वा क्षतिहरु लिएर आयुर्वेद संस्थामा उपचारका लागि आउने सेवाग्राहीहरुलाई शारीरिक व्यायाम, आधुनिक विद्युतीय तथा अन्य उपकरण, जीवनशैली सुधार आदिको प्रयोग गरी पहिलेजस्तो स्वतन्त्र जीवनशैली वा कार्यशैलीमा फर्काउने, जीवनस्तरमा सुधार ल्याउने र समुदायमा शारीरिक पुनर्स्थापना गराउने कार्यका लागि यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो। |
| **उद्देश्य** | आयुर्वेद स्वास्थ्य संस्थाहरुमा फिजियोथेरापी सेवा प्रवाह गर्ने। |
| **अपेक्षित उपलब्धि** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मार्फत् फिजियोथेरापी सेवाबाट नसा, हाडजोर्नी, स्नायु तथा मांसपेशीका रोगहरुको प्रभावकारी चिकित्सा उपलव्ध भएको हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | १. तोकिएको संस्थामा चिकित्सक स्वास्थ्यकर्मी तथा हेल्पर करार शीर्षक अन्तर्गत फिजियोथेरापी सेवा सञ्चालनका लागि एक जना फिजियोथेरापी असिष्टेण्ट पाँचौ तहमा स्वास्थ्य करार कार्यविधि अनुसार करारमा नियुक्ति गर्नुपर्नेछ। कार्य सम्पादन मूल्याङ्कनका आधारमा पुरानो कर्मचारीलाई निरन्तरता दिन सकिनेछ।<br>२. फिजियोथेरापी सेवा सञ्चालन सम्बन्धमा मासिक बैठक तथा अस्पताल व्यवस्थापन समिति बैठकमा छलफल गर्नुपर्नेछ।<br>३. उपरोक्त आधारमा कार्ययोजना बनाई केन्द्र वा अस्पतालले चाहिने अति आवश्यक सामग्री, औजार-उपकरणहरुको सुचि बनाई व्यवस्थापन कार्य गर्नुपर्नेछ।<br>४. प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार सञ्चालन व्यवस्थापन गर्नुपर्नेछ।<br>५. तोकिएको जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तथा अस्पतालले फिजियोथेरापी असिष्टेण्टद्वारा फिजियोथेरापी सेवा प्रदान गर्नुपर्नेछ।<br>६. मासिक तथ्यांक AHMIS मा प्रविष्टि गर्नुपर्नेछ। |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम। |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र झापा, उदयपुर, मोरङ र प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर, झापा। |
| **सन्दर्भ सामग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भएपश्चात् सोको प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पेश गर्नुपर्नेछ। |

स्वीकृत मितिः २०८३।०४।२५

| क्रियाकलाप (कोड)/खर्च शीर्षकः अन्तरंग सेवा व्यवस्थापन (२.७.२२.१५६३)/२२५२२ | |
|---|---|
| **उद्देश्य** | आयुर्वेद स्वास्थ्य संस्थाहरुमा अन्तरंग सेवा सञ्चालन र व्यवस्थापन गर्ने। |
| **अपेक्षित उपलब्धि** | प्रादेशिक आयुर्वेद अस्पतालबाट अन्तरंग सेवा प्रवाह भएको हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | १. अन्तरंग सेवा सञ्चालन सम्बन्धमा मासिक बैठक तथा अस्पताल व्यवस्थापन समिति बैठकमा छलफल गर्नुपर्नेछ।<br>२. उपरोक्त आधारमा कार्ययोजना बनाई अस्पतालले आवश्यक सामाग्री, उपकरणहरुको व्यवस्थापन गर्नुपर्नेछ।<br>३. MSS अनुसारका अन्तरंग सेवाको आवश्यक व्यवस्थापन गर्नुपर्नेछ।<br>४. प्रचलित सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार सञ्चालन व्यवस्थापन गर्नुपर्नेछ।<br>५. कार्य सम्पन्न प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम। |
| **सञ्चालन गर्ने निकाय** | प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर। |
| **सन्दर्भ सामग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भएपश्चात् सोको प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

| क्रियाकलाप (कोड)/खर्च शीर्षकः स्तनपायी आमा कार्यक्रम (२.७.२२.१५६८) /२२५२२ | |
|---|---|
| **परिचय** | मातृशिशु स्वास्थ्य र स्तनपानको महत्व बुझाउन, आमा र बच्चाको स्वास्थ्य सुधार गर्न तथा सुत्केरी आमाको दुध पर्याप्त बढाई बच्चालाई कुपोषणजन्य रोगबाट बचाउन दुग्धवर्द्धक औषधि वितरण कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | आमा र बच्चाको स्वास्थ्य सुधार गर्ने तथा कुपोषणजन्य रोगबाट बचाउने।<br>स्तनपानको महत्ववारे स्तनपायी महिलाहरुलाई जनचेतनामूलक स्वास्थ्य शिक्षा प्रदान गर्ने।<br>वालमृत्यु दर घटाउने। |

स्वीकृत मितिः २०८३।०४।२५

| | |
|---|---|
| **अपेक्षित उपलब्धि** | शतावरी चूर्ण, दशमूल तेलको समेत प्रयोगबाट शिशु र आमाको स्वास्थ्यमा सुधार हुनेछ।<br>स्तनपायी महिलाहरु आफ्नो शिशुलाई स्तनपान गराउन उत्प्रेरित हुनेछन्।<br>बच्चाको शारीरिक र मानसिक वृद्धि र विकासमा सघाउ पुग्नेछ।<br>कुपोषणजन्य रोगहरुको रोकथाम हुनेछ।<br>वालमृत्यु दर घटाउन मद्दत पुग्नेछ। |
| **सञ्चालन प्रक्रिया** | १. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले कार्यक्रम फोकल पर्सन तोक्ने तथा एक स्थानीय पालिकाका वडा छनौट गर्नुपर्नेछ त्यसो गर्दा सकेसम्म पूर्वसंचालनमा रहेका स्थानलाई निरन्तरता दिनुपर्नेछ।<br>२. स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय र स्वास्थ्य कार्यालयसँग समन्वय गरी प्राप्त सन्दर्भ सामग्री अनुसार स्थानीय तहको वडामा रहेका स्वास्थ्य संस्थाका कर्मचारी, त्यस वडाका महिला सामुदायिक स्वयंसेविकाहरु र समुदायमा रहेका सरोकारवालाहरुलाई अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।<br>३. सुत्केरी महिलाको लगत संकलन गर्नुपर्नेछ।<br>४. आवश्यक पर्ने औषधी (अनुसूची १० अनुसार), उपकरण (अनुसूची १२ अनुसार), रेकर्डिंग टुल्स (अनुसूची ९ र ११ अनुसार) तथा सुचना सामग्रीहरुको सुचि तयार गरी व्यवस्थापन गर्ने। सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार सञ्चालन व्यवस्थापन गर्नुपर्नेछ।<br>५. तोकिएको स्वास्थ्य संस्थामा औषधी वितरण र परामर्श गर्नुपर्नेछ।<br>६. अनुसूची ९ अनुसार अभिलेखीकरण गरी प्रत्येक महिनामा औषधी उपलव्ध गराउने परामर्श दिने, औषधी विवरण अनुसूची १० अनुसार हुनेछ।<br>७. बच्चा र आमाको सुचकांक अनुसार मापन गरी अनुसूची ११ अनुसार अभिलेख राख्नुपर्नेछ।<br>८. सुत्केरी भएको ६ महिनासम्म शतावरी चूर्ण विहान र वेलुकी ३-६ ग्राम दुध वा मनतातो पानीसँग खाने, पहिलो महिना दशमूल तेलले शरीरमा सामान्य मालिस गर्ने र घरमा उपलव्ध हुने ज्वानोको पकाएको झोल पिउन सल्लाह दिनुपर्नेछ। साथै स्तनपान, खोप, पोषण सम्बन्धी सल्लाह दिनुपर्नेछ।<br>९. कार्यक्रममा सहभागी गराउनु पर्ने लक्षित सुत्केरी आमा संख्या २०० जना।<br>१०. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले अनुगमन गर्नुपर्नेछ। |

स्वीकृत मितिः २०८३।०४।२५

| | |
|---|---|
| | ११. ६/६ महिनामा तथ्यांक जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले प्राप्त गर्नुपर्नेछ।<br>१२. कार्य सञ्चालनमा खटिने महिला सामुदायिक स्वयंसेविकाहरुलाई नियमानुसार हुनेगरी भत्ता उपलव्ध गराउन सकिनेछ।<br>१३. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले सम्पन्न प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पठाउनुपर्नेछ। |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम। |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मोरङ। |
| **सन्दर्भ सामग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम। |

| **क्रियाकलाप (कोड)/खर्च शीर्षक: मेरो स्वास्थ्य मेरो जिम्मेवारी भान्साघर सुधार कार्यक्रम(२.७.२२.१५८२)/२२५२२** | |
|---|---|
| **उद्देश्य** | स्वस्थ आहार स्वस्थ जीवनको आधार हो, स्वस्थ आहार तयारी अभ्यास भान्साघरबाट गरी आफ्नो स्वास्थ्य प्रति व्यक्ति स्वयंलाई जिम्मेवार बनाउने। |
| **अपेक्षित उपलब्धि** | स्वस्थ भान्सा/ असल खानपिन अभ्यासहरु मार्फत् पोषण प्रवर्द्धन, भई नागरिकहरुको व्यक्तिगत तथा सामुदायिक तवरमा चेतना एवं व्यवहारमा परिवर्तन भएको हुनेछ र नागरिकमा आफ्नो स्वास्थ्यको प्रवर्द्धनप्रति स्वयं जिम्मेवार हुनु पर्ने बोध भएको हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | १. भान्साघरका स्वस्थ अभ्यासहरु संग्रहित मन्त्रालयबाट प्राप्त सन्दर्भ सामग्री सहित समुदायमा सचेतना कार्यक्रम गर्नुपर्नेछ।<br>२. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले स्थानीय तहमा रहेका आयुर्वेद औषधालय र नागरिक आरोग्य सेवा केन्द्रको समन्वयमा समुदायस्तरमा महिला सामुदायिक स्वयंसेविका, आमा समूह, शिक्षक, कृषक समूह, वन उपभोक्ता समूह लगायत समुदायमा रहेका सरोकारवालाहरुलाई केन्द्रित गरी अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।<br>३. सहभागीहरुको आयुर्वेद चिकित्सा सिद्धान्तको आधारमा प्रकृति परिक्षण गर्ने र तत् अनुसारको भोजन आहार सम्बन्धी परामर्श दिनुपर्नेछ।<br>४. कार्यक्रममा सहभागीहरुलाई स्वस्थ भान्साघर अभ्यास अनुरुप हुनेगरी खाजाको व्यवस्था गर्नुपर्नेछ।<br>५. स्वस्थ भान्साघर अभ्यास गर्न उत्प्रेरित गर्नुपर्नेछ। |

स्वीकृत मितिः २०८३।०४।२५

| | |
|---|---|
| | ६. मसलाको रुपमा प्रयोग हुने घरेलु जडिवुटीहरु आ-आफ्नो घर करेसाबारीमा रोप्न सिकाउनु पर्नेछ।<br>७. कार्ययोजना अनुसार यस कार्यक्रम कम्तिमा दुई स्थानमा संचालन गर्नु पर्नेछ।<br>८. सहभागी लगत सहित कार्यक्रम सम्पन्न प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पेश गर्नुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | सबै जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु। |
| **सन्दर्भ सामग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम र मन्त्रालयबाट तयार गरिएको प्रस्तुतीकरण सामग्री। |

| **क्रियाकलाप (कोड)/खर्च शीर्षकः तालिम साइट स्थापना तथा व्यवस्थापन (२. ७.२२.१)/२२५२२** | |
|---|---|
| **उद्देश्य** | गुणस्तरीय र प्रभावकारी आयुर्वेद स्वास्थ्य तालिमको व्यवस्थापन र सञ्चालनका लागि प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुरमा पूर्व/पंचकर्म थेरापी तालिम साइट स्थापना र व्यवस्थापन गर्ने। |
| **अपेक्षित उपलब्धि** | प्रादेशिक आयुर्वेद अस्पताल लखनपुरलाई तालिम साईटको रुपमा स्थापना भई गुणस्तरीय र प्रभावकारी आयुर्वेद स्वास्थ्य तालिम सञ्चालनका लागि विकसित एवं व्यवस्थित भएको हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | १. प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर, झापाबाट पूर्व/पंचकर्म थेरापीसेवाको क्लिनिकल तालिम साइटको रूपमा स्तरवृद्धिको लागि अनुरोध सहितको पत्र प्रदेश स्वास्थ्य तालिम केन्द्र, धनकुटालाई पठाउनुपर्नेछ।<br>२. प्रदेश स्वास्थ्य तालिम केन्द्र, धनकुटाले प्रचलित गुणस्तर सुधार टुलहरू प्रयोग गरी आन्तरिक तथा वाह्य मूल्यांकनको आधारमा तालिम साईट स्थापनाका लागि विद्यमान समस्या तथा समाधानका लागि कार्य योजना बनाउन प्रादेशिक आयुर्वेद अस्पताल लखनपुरलाई सहजीकरण गर्नु पर्नेछ।<br>३. प्रादेशिक आयुर्वेद अस्पताल लखनपुरद्वारा स्वीकृत कार्ययोजना बमोजिम तालिमको गुणस्तर मापदण्ड अनुसार बनाउन आवश्यक कार्यहरु गर्नुपर्नेछ।<br>४. प्रादेशिक तालिम केन्द्रले सम्बन्धित तालिम साइटले गरीरहेका सुधारका प्रयासहरूको अनुगमन गर्नेछ तथा आवश्यक अंक पुर्याएको खण्डमा तालिम साइटको रूपमा क्लिनिकल तालिम सञ्चालन गर्न अनुमति दिनुपर्नेछ। |

स्वीकृत मितिः २०८३।०४।२५

| | |
|---|---|
| | ५. तालिम साइट एक्रिडिटेसनका कार्य तथा त्यसका लागि विज्ञहरु बोलाउँदा लाग्ने खर्च, सम्बन्धित साइटको मूल्याङ्कन गर्दा लाग्ने खर्च, सम्बन्धित साइटका सम्बन्धित व्यक्तिहरुसँगको बैठक खर्चका साथै तालिम साइट स्थापना गर्न अति आवश्यक सामग्रीहरुको व्यवस्थापन गर्नका लागि लाग्ने खर्च समेत यसै वजेटबाट व्यवस्थापन गर्न सकिनेछ।<br>६. स्वास्थ्य मन्त्रालय, कोशी प्रदेशले समग्र कार्यको अनुगमन गर्नुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर, झापा। |
| **सन्दर्भ सामग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम। |
| **प्रतिवेदन** | कार्यक्रम समापन भएपश्चात् सोको प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |

| **महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुका लागि आयुर्वेद सम्बन्धी अभिमूखीकरण(२.७.२२.१५४८)/२२५२२** | |
|---|---|
| **उद्देश्य** | समुदायमा आयुर्वेद सेवा सम्बन्धी ज्ञानको अभिवृद्धि गर्ने। |
| **अपेक्षित उपलब्धि** | आयुर्वेद सेवा सम्बन्धी समुदायमा प्रचार प्रसार भई आयुर्वेद संस्थाहरुमा सेवाग्राहीहरुको संख्यामा वृद्धि हुने। |
| **सञ्चालन प्रक्रिया** | १. जिल्लामा आयुर्वेद स्वास्थ्य केन्द्र/आयुर्वेद औषधालय/सेवा केन्द्र रहेको पालिका सँग समन्वय गरेर कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको विवरण तयार गर्नुपर्नेछ।<br>२. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले सोही पालिका तथा जोडिएका पालिकामा रहेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई सहभागी गराई आयुर्वेद चिकित्सामाथि प्रकाश पार्दै आयुर्वेद सेवा सम्बन्धी अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।<br>३. आयुर्वेद संस्था रहेका अन्य पालिकाहरुमा समन्वय गरी त्यहाँका सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सहभागी गराई समेत कार्यक्रम सञ्चालन गर्न सकिनेछ। यस कार्यक्रम एक भन्दा बढी पटक पनि गर्न सकिनेछ।<br>४. अभिमुखिकरण गुणस्तरीय र एकरुप बनाउन सन्दर्भ सामग्रीका लागि स्वास्थ्य मन्त्रालयसँग समन्वय गर्नुपर्नेछ। |

स्वीकृत मितिः २०८३।०४।२५

| | |
|---|---|
| | ५. आयुर्वेद सेवा सम्बन्धि अभिमूखीकरण कार्यक्रम लिन बाँकी रहेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई क्रमशः सहभागी गराउने व्यवस्था मिलाउनुपर्नेछ।<br>६. अभिमुखिकरण पाएका महिला स्वास्थ्य स्वयंसेविकाहरुले आ-आफ्नो समुदायमा भएका जेष्ठ नागरिक तथा स्तनपायी आमाहरुलाई सम्बद्ध सेवा लिन परामर्श दिनु पर्नेछ र सोको विवरण सोही पालिकामा रहेको आयुर्वेद स्वास्थ्य संस्थामा पठाउनुपर्नेछ।<br>७. उक्त महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई आयुर्वेद कार्यक्रमहरुको वार्षिक समन्वयात्मक समीक्षा कार्यक्रममा सहभागी गराउनु पर्नेछ।<br>८. स्वास्थ्य निर्देशनालय धनकुटा एवं सम्बन्धित जिल्ला स्वस्थ्य कार्यालयसँग समन्वय गर्नुपर्नेछ। |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम। |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु। |
| **सन्दर्भ सामग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम। |
| **प्रतिवेदन** | कार्यक्रम समापन भएपश्चात् सो को विस्तृत प्रतिवेदन स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयमा एक एक प्रति पेस गर्नुपर्नेछ। |

| **क्रियाकलाप(कोड)/खर्चशीर्षक: फिजियोथेरापी सेट अप (७.२.२२.१८०३)/२२५२२** | |
|---|---|
| **उद्देश्य** | फिजियोथेरापी सेवा विस्तार गर्ने। |
| **अपेक्षित उपलब्धि** | आयुर्वेद स्वास्थ्य संस्थामा हाडजोर्नी, नशा तथा मांसपेशी सम्बन्धी रोगहरुको प्रभावकारी व्यवस्थापन उपलव्ध हुनेछ।<br>जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको सेवा विस्तार हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | १. स्वास्थ्य केन्द्रमा फिजियोथेरापी सेवालाई आवश्यक पर्ने उपकरणहरुको विवरण तयारी गरी खरिद गर्ने।<br>२. पूर्वाधार व्यवस्थापन गरी ती उपकरणहरु जडान गर्ने।<br>३. फिजियोथेरापी सेवाहरु जस्तै **TENS, IFT, Ultrasound** सहितका सेवाहरु व्यवस्थापन गर्ने।<br>४. कार्यक्रम सम्पन्न प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पेश गर्नुपर्नेछ। |

स्वीकृत मितिः २०८३।०४।२५

| | |
|---|---|
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र इलाम। |
| **सन्दर्भ सामग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भएपश्चात सो को विस्तृत प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पेस गर्नुपर्नेछ। |

| **क्रियाकलाप(कोड)/खर्चशीर्षकः स्वर्ण विन्दु प्राशन कार्यक्रम (५ वर्ष मुनिका वालवालिकाको स्वास्थ्य प्रवर्द्धनार्थ) (२.७.२२.१७४७)/२२५२२** | |
|---|---|
| **परिचय** | स्वर्ण भष्मलाई घ्यु र महमा मिसाएर लेहमा परिणत गरी थोपा अंशको रुपमा सेवन गराइने विधि हो। पौराणिक कालदेखि पूर्वीय दर्शनमा संस्कारका रुपमा रहेको र आयुर्वेदका विभिन्न संहिताहरुमा उल्लेख भएको स्वर्ण प्राषणबाट बालवालिकामा व्याधी प्रतिरोधक क्षमताको वृद्धि गरी सर्ने तथा नसर्ने रोगहरुबाट जोगाउन यो कार्यक्रम राखिएको हो। |
| **उद्देश्य** | परम्परागत विधिबाट बालबालिकाको रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्ने। |
| **अपेक्षित उपलब्धि** | बालबालिकामा रोग प्रतिरोधात्मक क्षमता वृद्धि भई प्रभावकारी रूपमा समग्र स्वास्थ्य अवस्थामा सुधार भएको हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | • नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा स्वीकृत स्वर्ण प्राशनका लागि निर्धारित मानक सञ्चालन प्रक्रिया (Standard Operating Procedure - SOP) बमोजिम आवश्यक सावधानी अपनाई तयारी विधिअनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।<br>• निर्देशिकामा उल्लेख भएका रेकर्डिङ टुलहरुमा अभिलेखीकरण गर्नुपर्नेछ।<br>• SOP तथा सम्बन्धित मार्गदर्शनको पालना भए/नभएको अनुगमन स्वास्थ्य मन्त्रालय तथा स्वास्थ्य निर्देशनालयले गर्नेछन्।<br>• विनियोजित वजेटबाट स्वर्ण विन्दु प्राशनको औषधि खरिदका साथै कार्यक्रम सहजिकरणका लागि आवश्यक व्यवस्थापन गर्न सकिनेछ। |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम। |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र झापा, सुनसरी, उदयपुर, इलाम, तेह्रथुम, भोजपुर, ताप्लेजुङ, संखुवासभा, ओखलढुंगा, सोलुखुम्वु तथा प्रादेशिक आयुर्वेद अस्पताल झापा। |
| **सन्दर्भ सामग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम। |
| **प्रतिवेदन** | कार्यक्रम संचालन गर्दा नियमानुसार प्रतिवेदन प्रणालीमा मासिक प्रतिवेदन दर्ता गर्नुपर्ने र सम्पन्न भएपश्चात् सो को विस्तृत प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पेश गर्नुपर्नेछ। |

स्वीकृत मितिः २०८३।०४।२५

| **क्रियाकलाप(कोड)/खर्चशीर्षक: शैक्षिक कार्यक्रम संचालनका लागि विदुषी योगमाया आयुर्वेद विश्वविद्यालयसँग समन्वयात्मक तयारी (२.७.२२.१७७८)/२२५२२** | |
|---|---|
| **परिचय** | आयुर्वेद शिक्षा, अनुसन्धान तथा जनस्वास्थ्य प्रवर्द्धनलाई प्रभावकारी बनाउन विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयसँग समन्वय गरी प्रादेशिक आयुर्वेद अस्पतालमा शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रममार्फत आयुर्वेदसम्बन्धी शिक्षा, सीप तथा अनुसन्धानमा सहकार्य हुँदा गुणस्तरीय स्वास्थ्यकर्मीको अभिवृद्धि गरिनेछ।। |
| **उद्देश्य** | • विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयसँग शैक्षिक तथा प्राविधिक समन्वय र सहकार्य सुदृढ गर्ने।<br>• आयुर्वेद चिकित्सा सम्बन्धी अनुसन्धान तथा शैक्षिक कार्यक्रम सञ्चालन गर्ने तथा जनशक्ति विकासमा सहकार्य गर्ने।<br>• आयुर्वेद सेवाको गुणस्तर तथा प्रभावकारिता अभिवृद्धि गर्ने। |
| **अपेक्षित उपलब्धि** | • दक्ष जनशक्तिको विकास हुने।<br>• आयुर्वेद सेवा सम्बन्धी समुदायमा प्रचार प्रसार भई आयुर्वेद संस्थाहरुमा सेवाग्राहीहरुको संख्यामा वृद्धि हुने। |
| **सञ्चालन प्रक्रिया** | १. स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश सरकार र विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयबीच आवश्यक समन्वय तथा कार्ययोजना तयार गरिनेछ।<br>२. स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटअनुसार शैक्षिक गतिविधि सञ्चालनका लागि वृहत कार्यशाला गोष्ठी संचालन गरिनेछ।<br>३. आवश्यकताअनुसार विषय विशेषज्ञ, प्राध्यापक तथा स्वास्थ्यकर्मीको सहभागितामा कार्यक्रम सञ्चालन गरिनेछ।<br>४. कार्यक्रमको अनुगमन, मूल्याङ्कन स्वास्थ्य मन्त्रालयबाट गरिनेछ। |
| **सञ्चालन गर्ने निकाय** | प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर। |
| **सन्दर्भ सामग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम। |
| **प्रतिवेदन** | कार्यक्रम समापन भएपश्चात् सो को विस्तृत प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेस गर्नुपर्नेछ। |

स्वीकृत मितिः २०८३।०४।२५

| क्रियाकलाप(कोड)/खर्चशीर्षकः होमियोप्याथी औषधि खरिद (७.२.९.६)/२७२१३ | |
|---|---|
| **उद्देश्य** | संस्थामा निदान भएका रोगहरूको प्राथमिकता अनुसार व्यवस्था हुनेगरी अत्यावश्यक होमियोप्याथी औषधि खरिद गर्ने।<br>निःशुल्क औषधि सहितको सेवा निरन्तर प्रवाह गर्ने। |
| **अपेक्षित उपलब्धि** | होमियोप्याथी चिकित्सा सेवा र औषधिको नियमित उपलब्धता हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | १. खरिद पूर्व औषधि मौज्दात र आवश्यकताको विवरण सहित खरिद योजना तयार गर्नुपर्नेछ।<br>२. होमियोप्याथी औषधि खरिद गर्दा जनस्वास्थ्य सेवा नियमावली २०७७को आधारभूत स्वास्थ्य सेवा (होमियोप्याथी) मा उल्लेख भएका रोगहरुलाई प्राथमिकतामा राखी सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार गर्नुपर्नेछ।<br>३. औषधीहरु खरिद गर्दा GMP Guideline/National GMP Guideline/औषधी उत्पादन कुशल अभ्यास संहिता बमोजिम प्रमाणीकरण गरिएको उद्योगबाट उत्पादित औषधी एवं औषधी व्यवस्था विभागमा दर्ता भई नवीकरण भएको, उत्पादन अनुज्ञा पत्र र बजार बिक्री वितरण प्रमाणपत्र अनिवार्य रुपमा पेस भएको हुनुपर्नेछ।<br>४. खरिद गरिने औषधीहरुको ब्याच नं., उत्पादन मिति र म्याद समाप्ति मिति हुनुपर्ने र १ वर्ष अवधि भन्दा बढी म्याद समाप्ति मिति बाँकी रहेको हुनपर्नेछ।<br>५. औषधीको बट्टा प्याकेजिङ बाहिर अनिवार्य रुपमा स्पष्ट देखिने गरी "प्रदेश सरकारद्वारा निःशूल्क वितरणका लागि" भनी उल्लेख गरिएको हुनुपर्नेछ।<br>६. गुणस्तर परीक्षण प्रमाण/प्रतिवेदन एवं खरिद भएका सम्पूर्ण औषधीहरुको मौज्दात फारम अनुसूची ३ भरी औषधी दाखिला भएको १ महिना भित्र स्वास्थ्य मन्त्रालयमा अनिवार्य रुपमा पठाउनुपर्नेछ।<br>७. साथै आर्थिक वर्षको मसान्तमा अध्यावधिक गरिएको औषधीहरुको विवरण अनुसूची ३ र वितरण विवरण अनुसूची ४ भरी मन्त्रालयमा अनिवार्य पठाउनु पर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मोरङ र उदयपुर, मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर र मेची प्रादेशिक अस्पताल भद्रपुर। |
| **सन्दर्भ सामग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम। |
| **प्रतिवेदन** | कार्यक्रम समापन भएपश्चात् प्रतिवेदन निर्देशनालयमा पेस गर्नुपर्नेछ। |

स्वीकृत मितिः २०८३।०४।२५

| क्रियाकलाप(कोड)/खर्च शीर्षकः अस्पताल सञ्चालन तथा सुदृढीकरण (२.७.२२.१६०६)/२२५२२ | |
|---|---|
| **उद्देश्य** | प्रादेशिक आयुर्वेद अस्पतालमा सञ्चालन भएका सेवाहरुको सुदृढीकरण गर्ने। |
| **अपेक्षित उपलब्धि** | प्रादेशिक आयुर्वेद अस्पतालमा सेवा सुदृढीकरण भई सेवाग्राहीहरुले गुणस्तरीय आयुर्वेद सेवा प्राप्त गरेका हुनेछन्। |
| **सञ्चालन प्रक्रिया** | १. अस्पतालले विशेषज्ञ चिकित्सा सेवा प्रदान गर्न, अन्तरंग सेवा, पूर्वपंचकर्म सेवा, ल्याव सेवा, निशुल्क र सशुल्क फार्मेसी सेवा, स्वस्थ जीवनशैली परामर्श र योग सेवा, शल्यकर्म सेवा, फिजियोथेरापी सेवाहरु संचालन गर्न पूर्वाधार, उपकरण लगाएत आवश्यकता पहिचान गर्ने र योजना बनाई व्यवस्थापन गर्न सकिनेछ।<br>२. स्वास्थ्य मन्त्रालय र विभागबाट अनुगमन/ निरिक्षण वा अनसाईट कोचिङबाट प्राप्त सुझाव वमोजिमका आवश्यकताहरुको व्यवस्थापन गर्न सकिनेछ।<br>३. सेवाहरुको तथ्यांक तोकिए बमोजिमको फाराममा अभिलेखिकरण गर्ने र AHMIS मा प्रविष्ट गर्नुपर्नेछ।<br>४. प्रचलित प्रदेश स्वास्थ्य कर्मचारी करार कार्यविधि र सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको प्रावधान अनुसार खरिद गरी व्यवस्थापन गर्नुपर्नेछ।<br>५. स्वास्थ्य मन्त्रालयले कार्यक्रमको अनुगमन गर्नुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर, झापा। |
| **प्रतिवेदन** | कार्यक्रम समापन भएपश्चात् विस्तृत प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेस गर्नुपर्नेछ। |

स्वीकृत मितिः २०८३।०४।२५

**अनुसूची-१**

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र.........../..................................अस्पताल

**स्वस्थ जीवन प्रवर्धनका लागि योगाभ्यास कार्यक्रम रेकर्डिङ फारम**

**सहभागीको नाम थर:** **लिङ्ग:** **उमेर:** **ठेगाना:** **उचाई:** **पेशा:**
**सम्पर्क नं:**

| क्र.सं | मिति | तौल | BMI | BP | BS | | | Temp | Pulse | Resp | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | **F** | **PP** | **R** | | | | |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | |

| क्र. सं | मिति | तौल | BMI | BP | BS | | | Temp | Pulse | Resp. | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | **F** | **PP** | **R** | | | | |
| ७ | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | |
| १० | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | |

**सहभागीको मासिक रुपमा लिनुपर्ने विवरण**

**वर्तमान स्वास्थ्य समस्या:**

| **सहभागीको हाजिरी** | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **महिना/ गते** | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ | ३२ |
| **वैशाख** | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जेठ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| असार | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| श्रावण | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| भदौ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| असोज | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| कार्त्तिक | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| मंसिर | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| पुस | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| माघ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| फाल्गुन | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| चैत्र | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

**योगाभ्यास कार्यक्रममा सहभागी भएपछिको स्वास्थ्य अवस्थाः**

**योग प्रशिक्षकको नामः** **हस्ताक्षरः** **मितिः**

## अनुसूची २

औषधि गुणस्तर सम्बन्धि व्यवस्था

सम्बन्धित निकायबाट हालसालै नविकरण गरी अद्यावधिक भएको उत्पादन अनुज्ञापत्रतथा बजारबिक्री बितरण प्रमाणपत्र संलग्न हुनुपर्ने। गुणस्तरपरिक्षणका लागि कम्तिमा BAMSवा सो सरहको अध्ययन गरि नेपाल आयुर्वेद चिकित्सा परिषदमा दर्तावाला चिकित्सक, कार्यालय प्रमुख र एक जना आयुर्वेद विषयको प्राविधिक रहने गरि गुणस्तर परिक्षण समिति गठन गरि परिक्षण गराउने।

क) चूर्ण औषधिहरुको निम्नानुसार परीक्षण व्यवस्था गर्ने:

| क.स | औषधिको नाम | तौल | रूप/वर्ण( | स्पर्श | रस | गन्ध | एकरूपता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| प्रत्येक ब्याचको स्वीकृति प्राप्त औषधि परीक्षण प्रयोगशालाबाटMicrobial Testपूरा गरेको )Comply(प्रमाणपत्र संलग्न हुनु पर्ने। | | | | | | | | |

(ख) गुग्गुल/वटी औषधिहरुको निम्नानुसार परीक्षण व्यवस्था गर्ने:

| क.स. | औषधिको नाम | तौल | | रूप/वर्ण( | स्पर्श (Hardness) | एकाई तौल (Fineness) | रस | गन्ध | एकरूपता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रति बटि | प्रति बट्टा | | | | | | | |

(ग) भष्म/पिष्टी औषधिहरुको निम्नानुसार परीक्षण व्यवस्था गर्ने:

| क.स. | औषधिको नाम | तौल | स्वरूप (form) | रूप/वर्ण( (colour) | रेखापूर्णता | वारितर | निश्चन्द्रिका | रस | गन्ध | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

)घ) मलहम एवं तैल औषधिहरुको निम्नानुसार परीक्षण व्यवस्था गर्ने:

| क.स. | औषधिको नाम | तौल | रूप/वर्ण (colour) | स्पर्श (smoothness) | सान्द्रता | गन्ध | एकरूपता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

**अनुसूची ३**

## औषधीको मौज्दात विवरण फारम

| क्र स | औषधीको नाम | औषधी प्रासिको श्रोत/ कार्यक्रम | | | | | | | | औषधीको जम्मा परिमाण | इकाई/तोल खुल्ने गरी के जी/ग्राम /फाइल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गत आ व को बाँकी मौज्दात | प्रदेश सरकार | प्रदेश आपूर्ति | आयुर्वेद विभाग/ संघ सशर्त | अन्य बाट | जेष्ठ नागरिक | स्तनपायी आमा | पुर्वपंच कर्म | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

## अनुसूची ४

अत्यावश्यक आयुर्वेद औषधि तथा अन्य खरिद र जिन्सी अध्यावधिक गर्दा भर्नुपर्ने खपत विवरण फारम

| क.स. | औषधिको नाम | औषधिको मासिक खर्च विवरण | | औषधि हस्तान्तरण गरेको संस्थाको संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | परिणाम | इकाइ | | |
| १. | | | | | |
| २. | | | | | |

**अनुसुची ५**

स्वास्थ्य मन्त्रालय

**जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, ...........**

**नसर्ने रोग स्क्रिनिङ्ग अभिलेख फारम**

जिल्ला : ________________________ स्थानीय तह : ________________________वडा नंः ________________________ स्वास्थ्य संस्था/समुदायको नाम_______________________

स्क्रिनिङ्ग मिति ________________________

| क्र.सं. | बिरामीको नाम | उमेर(बर्ष) | लिङ्ग | ठेगाना | सम्पर्क नं. | रक्तचाप(mm of Hg) | रगतमा ग्लुकोज | | उचाइ(CM) | तौल (Kg) | BMI | पिशाबमा प्रोटिन | जोखिम कारक (धुम्रपान/मघपान/पारिवारिक इतिहास) | स्क्रिनिङ्ग नतिजा | रिफर गरिएको स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | मात्रा(mg/dl) | प्रकार(F/R) | | | | | | | | |
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | | |

| क्र.सं. | बिरामीको नाम | उमेर(बर्ष) | लिङ्ग | ठेगाना | सम्पर्क नं. | रक्तचाप(mm of Hg) | रगतमा ग्लुकोज | | उचाइ(CM) | तौल (Kg) | BMI | पिशाबमा प्रोटिन | जोखिम कारक (धुम्रपान/मघपान/पारिवारिक इतिहास) | स्क्रिनिङ्ग नतिजा | रिफर गरिएको स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | मात्रा(mg/dl) | प्रकार(F/R) | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | | | | | | |

*नोट : लिङ्ग स्तम्भमा पुरुष = M, महिला = F, अन्य = O लेख्ने। पिसाबमा प्रोटिन स्तम्भमा Positive / Negative उल्लेख गर्ने। स्क्रिनिङ नतिजा स्तम्भमा सामान्य / शंकास्पद / रिफर उल्लेख गर्ने।*

भर्ने स्वास्थ्यकर्मीको नाम : ______________________ दस्तखत : ____________ मिति : ____________

अनुसुची ६

स्वास्थ्य मन्त्रालय

**जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, ....................**

**नसर्ने रोग स्क्रिनिङ्ग प्रतिवेदन फारम**

कार्यक्रम संचालन अवधि : ________________________ आर्थिक बर्षः ________________________ कुल स्क्रिनिङ्ग शिविर संख्या : ________________________

१. स्थानीय तह अनुसार स्क्रिनिङ्गको संख्याः

| क.सं. | स्थानिय तह | स्क्रिनिङ्ग गरिएको संख्या | | | | उच्च रक्तचाप भेटिएको संख्या | रगतमा चिनिको मात्रा बढि भएको | उच्च BMI भएको संख्या | पिशाबमा प्रोटिन पाइएको संख्या | रिफर गरिएको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | अन्य | जम्मा | | | | | | |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | |

| क्र.सं. | स्थानिय तह | स्क्रिनिङ्ग गरिएको संख्या | | | | उच्च रक्तचाप भेटिएको संख्या | रगतमा चिनिको मात्रा बढि भएको | उच्च BMI भएको संख्या | पिशाबमा प्रोटिन पाइएको संख्या | रिफर गरिएको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | अन्य | जम्मा | | | | | | |
| | **जम्मा** | | | | | | | | | | |

२. उमेर समुहअनुसार स्कृनिङ्गको विवरण

| क्र.सं. | उमेर समुह | स्कृनिङ्ग भएको संख्या | उच्च रक्तचाप भेटिएको संख्या | रगतमा चिनिको मात्रा बढि भएको संख्या | उच्च BMI भएको संख्या | पिशाबमा प्रोटिन देखिएको संख्या | रिफर भएको संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | १५ देखि २९ बर्ष | | | | | | |
| २ | ३० देखि ४४ बर्ष | | | | | | |
| ३ | ४५ देखि ५९ बर्ष | | | | | | |
| ४ | ६० बर्ष वा सो भन्दा माथि | | | | | | |
| | **जम्मा** | | | | | | |

______________________

तयार गर्ने

नाम

पद : ______________________

मिति : ______________________

______________________

प्रमाणित गर्ने

नामः

पद : ______________________

मिति : ______________________

**अनुसूचि ७**

## नमूना आरोग्य विद्यालय कृयाकलाप अभिलेख फाराम

क) विद्यार्थी आरोग्य विवरण

विद्यार्थीको नामः कक्षाः अभिभावकः

| क सं | कृयाकलाप | A | B | C | कैफियत |
|---|---|---|---|---|---|
| १ | दैनिक कति वजे उठ्ने गरेको छ? | विहान ४-६ वजे विहान | विहान ६-८ वजे विहान | विहान ८ वजे पछि | |
| २ | दैनिक ८-१० घण्टाको निद्रा लाग्छ/ लाग्दैन ( सुत्ने गरेको छ/छैन) | सधै | कहिलेकाही | धेरै वा थोरै | |
| ३ | कति दिनमा स्नान गर्ने गरेको छ ? | दैनिक | २-३ दिनमा | धेरै दिनमा | |
| ४ | पारिवारिक काममा सहभागी/ सहयोग गरेको छ? | दैनिक | कहिलेकाही | नगर्ने | |
| ५ | योग/व्यायाम/ खेलकुदमा सहभागी भएको छ/छैन? | दैनिक ३०मिनेट भन्दा बढी | कहिलेकाही | नगर्ने | |
| ६ | दैनिक मोवाइल, टि भि, कम्प्युटर हेर्ने स्क्रीन समय कति हो? | १ घण्टा भन्दा कम | २-३ घण्टा | सो भन्दा बढी | |
| ७ | अल्ट्रा-प्रशोधित खाना जस्तै प्याकेटका तयारी खाजा, चकलेट र फास्ट फुड कतिको खाने गरेको छ? | खादिन | कहिलेकाही खान्छु | खाइरहने गर्छु | |
| ८ | दैनिक खानपानमा प्राकृतिक आहार जस्तै दाल, चामल, हरियो साग-सब्जी, फलफुल, मांसाहार आदि मिसिएको र घरेलु मसला जस्तै लसुन, प्याज, अदुवा, धनिया, जिरा, दालचिनि, मेथी ज्वानो आदि मिश्रित खाना खाइन्छ/खाइन्न? | सधैं खान्छु | कहिलेकाही खान्छु | खादिन | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | परिवारमा रक्सी, चुरोट अम्मली भएको सदस्य हुनुहुन्छ /हुनुहुन्न? | नभएको | | भएको | |
| १० | व्यक्तिगत सरसफाई जस्तै हात धुने, नङ काट्ने, सफा लुगा लगाउने, कपाल कोर्ने आदि कतिको गर्नुहुन्छ ? | राम्रो सरसफाई | कहिलेकाही | नभएको | |

ख) विद्यालय आरोग्य विवरण

वि. व्य. समिति

| क्र सं | विवरण | A | B | C | |
|---|---|---|---|---|---|
| १ | विद्यालयमा नियमित योग अभ्यास संचालन छ/छैन? | भएको | कहिलेकाही | नभएको | सहभागी संख्या |
| २ | कक्षा-परिसर, शौचालय सरसफाई र फोहोरको उचित व्यवस्थापन भएको छ/छैन? | भएको | कहिलेकाही | नभएको | |
| ३ | सुरक्षित खानेपानी व्यवस्था छ/छैन? | व्यवस्था भएको | | नभएको | |
| ४ | अल्ट्रा-प्रशोधित खाना जस्तै प्याकेटका तयारी खाजा, चकलेट र फास्ट फुड विद्यालयमा/ क्यान्टिनमा प्रयोग हुन्छ /हुँदैन? | प्रयोग हुँदैन | कहिलेकाही हुन्छ | सधैं प्रयोग हुन्छ | |
| ५ | विद्यालय परिसरमा जडिवुटी उद्यान र वगैंचा रोपण तथा संरक्षण गरिएको छ/छैन ? | छ | अव्यवस्थित | छैन | |

**अनुसुची ८**

स्वास्थ्य मन्त्रालय

**जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, ....................**

**नमूना आरोग्य विद्यालय प्रतिवेदन फारम**

**१) विद्यार्थी आरोग्य अभ्यास** **सहभागी विद्यार्थी संख्या:** **प्रतिवेदन (पहिलो/दोस्रो/तेस्रो/चौथो)**

| क्र सं | कृयाकलाप | A | B | C | A को समग्र प्रतिशत |
|---|---|---|---|---|---|
| १ | दैनिक कति वजे उठ्ने गरेको छ? | संख्या | संख्या | संख्या | |
| २ | दैनिक ८-१० घण्टाको निद्रा लाग्छ/ लाग्दैन ( सुत्ने गरेको छ/छैन) | संख्या | संख्या | संख्या | |
| ३ | कति दिनमा स्नान गर्ने गरेको छ ? | संख्या | संख्या | संख्या | |
| ४ | पारिवारिक काममा सहभागी/ सहयोग गरेको छ? | संख्या | संख्या | संख्या | |
| ५ | योग/व्यायाम/ खेलकुदमा सहभागी भएको छ/छैन? | संख्या | संख्या | संख्या | |
| ६ | दैनिक मोवाइल, टि भि, कम्प्युटर हेर्ने स्क्रीन समय कति हो? | संख्या | संख्या | संख्या | |
| ७ | अल्ट्रा-प्रशोधित खाना जस्तै प्याकेटका तयारी खाजा, चकलेट र फास्ट फुड कतिको खाने गरेको छ? | संख्या | संख्या | संख्या | |
| ८ | दैनिक खानपानमा प्राकृतिक आहार जस्तै दाल, चामल, हरियो साग-सब्जी, फलफुल, मांसाहार आदि मिसिएको र घरेलु मसला जस्तै लसुन, प्याज, अदुवा, धनिया, जिरा, दालचिनि, मेथी ज्वानो आदि मिश्रित खाना खाइन्छ/खाइन्न? | संख्या | संख्या | संख्या | |
| ९ | परिवारमा रक्सी, चुरोट अम्मली भएको सदस्य हुनुहुन्छ /हुनुहुन्न? | संख्या | संख्या | संख्या | |
| १० | व्यक्तिगत सरसफाई जस्तै हात धुने, नङ काट्ने, सफा लुगा लगाउने, कपाल कोर्ने आदि कतिको गर्नुहुन्छ ? | संख्या | संख्या | संख्या | |

**२) विद्यालय आरोग्य अभ्यास** **प्रतिवेदन (पहिलो/दोस्रो/तेस्रो/चौथो)**

| क सं | विवरण | A | B | C | A को समग्र प्रतिशत |
|---|---|---|---|---|---|
| १ | विद्यालयमा नियमित योग अभ्यास संचालन छ/छैन? | संख्या | संख्या | संख्या | |
| २ | कक्षा-परिसर, शौचालय सरसफाई र फोहोरको उचित व्यवस्थापन भएको छ/छैन? | संख्या | संख्या | संख्या | |
| ३ | सुरक्षित खानेपानी व्यवस्था छ/छैन? | संख्या | संख्या | संख्या | |
| ४ | अल्ट्रा-प्रशोधित खाना जस्तै प्याकेटका तयारी खाजा, चकलेट र फास्ट फुड विद्यालयमा/ क्यान्टिनमा प्रयोग हुन्छ /हुँदैन? | संख्या | संख्या | संख्या | |
| ५ | विद्यालय परिसरमा जडिवुटी उद्यान र वगैंचा रोपण तथा संरक्षण गरिएको छ/छैन ? | संख्या | संख्या | संख्या | |

**तयार गर्ने: नाम पद मिति** **प्रमाणित गर्ने: नाम पद मिति**

अनुसूची ९

## स्तनपायी आमा कार्यक्रम दर्ता फारम

१. मूल दर्ता नः
२. नाम थरः
३. उमेरः
४. लिंगः
५. ठेगानाः पालिका वडा नं.
६. पेशाः

(२ प्रति मध्ये १ प्रति सेवाग्राहीलाई दिने)

| सि नं | मिति | औषधीको नाम | फायल | ग्रा./मि.ग्रा. | पुनरावृत्ति | बिरामीको दस्तखत | दस्तखत (वितरण गर्ने) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

सिफारिस गर्नेः
संलग्न स्वास्थ्यकर्मी
नामः
पदः
दस्तखतः

स्वीकृत गर्नेः
संस्था प्रमुख
नामः
पदः
दस्तखतः


अनुसूची १०

## स्तनपायी आमाका लागि औषधीहरु

| क्र.सं. | औषधीको नाम | प्रयोग | मात्रा | प्रयोग विधि | प्रयोग अवधि |
|---|---|---|---|---|---|
| १ | शतावरी (कुरिलो) चूर्ण | स्तन्यवर्धक, पोषक, रोग प्रतिरोध शक्तिवर्धक | चूर्णः ३-६ ग्राम स्वरसः १०-२० मि.लि. क्वाथः ५०-१०० मि.लि. | रस निकालेर, चूर्ण (बनाएर) वा पकाएर क्वाथको रुपमा | आवश्यकतानुसार सुत्केरी भएको ६ महिनासम्म |
| २ | दशमूल तेल | वेदना र थकान नाश | १-२ पटक | सुत्केरी आमाको शरीरमा मालिस गर्ने | सुत्केरी भएको पहिलो १ महिना |

**अनुसूची ११**

## स्तनपायी आमा अभिलेख फाराम



## अनुसूची १२

### स्तनपायी आमा कार्यक्रम सञ्चालनमा आवश्यक उपकरण

| क्र.सं | उपकरण नाम | स्पेसीफिकेसन | कैफियत |
|---|---|---|---|
| १ | **Weighing Machine adult** | | |
| २ | **Weighing Machine under 5 yrs** | | |
| ३ | **Weighing Machine infants** | | |
| ४ | **Height scale** | | |
| ५ | **BP Set** | | |
| ६ | **Carry Bag** | | |